# काठमाडौं महानगरपालिका
## अनुगमन तथा मूल्याङ्कन समिति
## आ.व. २०८२।०८३ को एकीकृत वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

### १. पृष्ठभूमि

स्थानीय तहमा सुशासन, पारदर्शिता र उत्तरदायित्वको प्रवर्धन गर्दै जनमुखी तथा सहभागितात्मक विकास निर्माण कार्य सञ्चालन गर्नु स्थानीय सरकारको प्रमुख दायित्व हो । काठमाडौं महानगरपालिका भित्र महानगरपालिकाद्धारा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न महानगरपालिकामा कानुनी तथा संस्थागत व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७१ ले विकास आयोजना, कार्यक्रम र बजेट कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कन समितिको व्यवस्था गरेको छ । यस समितिले काठमाडौं महानगरपालिकाद्धारा महानगरपालिका भित्र सञ्चालन भएका आयोजनाको गुणस्तर, प्रगति र कार्यान्वयन प्रक्रियामा पारदर्शिता एवं जवाफदेहिताको प्रवर्धन गर्ने जिम्मेवारी वहन गर्दछ ।

सार्वजनिक व्यवस्थापनका विविध औजारहरु मध्ये अनुगमन तथा मूल्याङ्कनलाई सबैभन्दा महत्वपूर्ण एवं संवेदनशील औजार मानिन्छ । यसले स्थानीय सरकारद्धारा विनियोजित बजेटको उचित उपयोग भएको छ वा छैन भनी वास्तविक स्थिति पत्ता लगाउन आयोजना तथा परियोजना कार्यान्वयनको समयमा आइपर्ने अवरोधलाई सहजीकरण गर्ने गर्दछ । स्थानीय सरकारद्धारा विनियोजित सार्वजनिक स्रोत साधनको उचित उपयोग, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन स्थिति थाहा पाउन, समस्या भएमा सोको समाधानका लागि आवश्यक पहल तथा सहजीकरण गरी निर्माण कार्यलाई निर्धारित समयमा सम्पन्न गर्न गराउन भूमिका खेल्न र नागरिकले अनुभूत गर्ने प्रत्यक्ष प्रभावबारे जानकारी लिन अनुगमन तथा मूल्याङ्कन एक महत्वपूर्ण विधि मानिन्छ । अनुगमनमा लगानी अर्थात स्रोत साधनको

प्रवाह समुचित रुपमा भएको छ की छैन, निर्धारित कार्यतालिका बमोजिम क्रियाकलाप भएको छ की छैन, तोकिएको समयमा अपेक्षित उपलब्धि हासिल भएको छ की छैन र योजना वातावरणमैत्री एवं गुणस्तरीय भएको छ वा छैन लगायतका विषयको परिधिभित्र रहेर परियोजना हेरिने एक व्यवस्थापकीय विधि हो ।

काठमाडौं महानगरपालिकाले महानगरपालिकाको नीति, कानुन, आवधिक तथा वार्षिक कार्यक्रम बमोजिम सञ्चालित योजना, आयोजना र परियोजनाको अनुगमन सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने कार्यलाई संस्थागत तथा कानुनी प्रबन्ध गर्न अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । ऐजन कानुनी व्यवस्था बमोजिम अनुगमन तथा मूल्याङ्कन समिति गठन भई कार्य सम्पादन हुँदै आएको छ । उक्त कार्यविधि बमोजिम मूल्याङ्कन सम्बन्धित प्रशासनिक सचिवालयको रुपमा योजना, अनुगमन तथा मूल्याङ्कन एकाइले कार्य गर्दै आएको छ । ऐजन कार्यविधिले महानगरपालिकाबाट सञ्चालित १० लाख भन्दा बढी लागत भएको योजनाको सम्झौता भएपछि अनुगमन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ भने एकाइले सम्बद्ध विभागसँग समन्वय गरी अनुगमन तथा मूल्याङ्कनका सूचक बनाउनुपर्ने उल्लेख छ । यही व्यवस्थाबमोजिम एकाइले अनुगमन तथा मूल्याङ्कनका सूचक बनाई अनुगमन कार्यलाई व्यवस्थित बनाउने प्रयास गर्दै आएको छ ।

आर्थिक वर्ष २०८२/८३ मा अनुगमन कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन समितिबाट सबै विषयगत विभागलाई समेट्ने गरि अनुगमन कार्यलाई अझ नतिजामूलक र प्रभावकारी बनाउने अभिप्रायले तीन वटा अनुगमन टोलीहरू गठन गरी अनुगमनका कार्यहरु भएका छन् । अनुगमनका क्रममा परियोजनाहरूको स्थलगत निरीक्षण, अवलोकन, सरोकारवालासँग छलफल तथा अन्तरक्रिया, सम्वाद्का माध्यमबाट परियोजनाको अनुगमन तथा मूल्याङ्कनका कार्य हुँदै आएका छन् ।

## २. अनुगमन तथा मूल्याङ्कन समिति

काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ ले उपप्रमुखको संयोजकत्वमा सात सदस्यीय अनुगमन तथा मूल्याङ्कन समिति गठन हुने उल्लेख गरेको छ । उक्त समितिमा देहायबमोजिमका पदाधिकारीहरु रहने व्यवस्था कार्यविधिले गरेको छः

| | |
|---|---|
| उपप्रमुख | —संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | —सदस्य |
| प्रमुखले तोकेको एक जना महिलासहित कार्यपालिका सदस्य दुई जना | —सदस्य |
| सार्वजनिक निर्माण विभागका प्रमुख | —सदस्य |
| कानुन तथा मानव अधिकार विभागका प्रमुख | —सदस्य |
| योजना, अनुगमन तथा मूल्याङ्कन एकाइ प्रमुख | —सदस्य-सचिव |

अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ को दफा ४ मा अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार विभिन्न १२ बुँदामा उल्लेख गरिएको छ भने अनुगमनका १३ वटा क्षेत्रहरु वर्गीकरण गरिएको छ । अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीमध्ये संयोजकको निर्देशानुसार सदस्यहरुको अनुकूलता र समय उपलब्धता भएअनुसार विभिन्न आयोजनामा सबै सदस्यहरु सम्मिलित भई अनुगमन कार्य सम्पन्न हुँदै आएको छन् । संयोजक र सदस्य-सचिवको अनिवार्य उपस्थितिमा अन्य सदस्यको अनुकूलताअनुसार अनुगमन कार्य सम्पन्न भएका छन् । अनुगमनको क्रममा पूर्वाधार विज्ञको रुपमा सहरी योजना आयोगका उपाध्यक्ष, विज्ञ सदस्य, परियोजना कार्यान्वयनस्थल रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित प्राविधिक कर्मचारीहरु र नगर प्रहरी समेतको सहभागिता रहने गरेको छ ।

## ३. अनुगमन टोली

काठमाडौं महानगरपालिका अनुगमन मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिम उपप्रमुखको संयोजकत्वमा गठित अनुगमन तथा मूल्याङ्कन समितिले काठमाडौं महानगरपालिकाका सबै आयोजनाहरुको अनुगमन गर्न कार्यव्यस्थता एवं विविध कारणले सम्भव नहुने भएकोले नियमित तथा आकस्मिक रुपमा अनुगमन गर्न तीन वटा अनुगमन टोली गठन गरी अनुगमन कार्य हुँदै आएका छन् । अनुगमन टोलीहरुलाई चालु आर्थिक वर्षको वार्षिक बजेट, योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्ने जिम्मेवारी तोकिएको हो । टोलीलाई अनुगमन कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने कार्य योजना, अनुगमन तथा मूल्याङ्कन एकाइबाट हुँदै आएको छ । अनुगमन टोलीलाई

परियोजना अनुगमनको क्रममा कुनै अस्पष्टता भएमा सोको सहजीकरणका लागि एकाइले त्यस्ता विषयमा सहजीकरण गर्ने र सोको जानकारी अनुगमन तथा मूल्याङ्कन समितिसमक्ष गराउने गर्दछ । अनुगमन सम्बन्धित कार्य गर्न गठित अनुगमन टोली देहायबमोजिम रहेका छन्:

**(क) सुशासन तथा सामाजिक विकास अनुगमन टोली:**

सुशासन तथा सामाजिक विकास अनुगमन टोलीको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ:

१ प्रशासन विभाग,
२ सामाजिक विकास विभाग,
३ सूचना प्रविधि विभाग,
४ शिक्षा विभाग,
५ योजना, अनुगमन तथा मूल्याङ्कन एकाइ,
६ सहरी योजना आयोग,
७ स्वास्थ्य विभाग,
८ सहरी व्यवस्थापन विभाग,
९ कृषि तथा पशुपंक्षी विभाग,
१० सम्पदा तथा पर्यटन विभाग (भौतिक पूर्वाधार बाहेक) र
११ वडा कार्यालय ।

सुशासन तथा सामाजिक विकास अनुगमन टोलीमा देहायबमोजिमका व्यक्तिहरु रहेका छन्:

१ डा. श्री सुरज काफ्ले, विज्ञ सदस्य, सहरी योजना आयोग
२ श्री सुदर्शन भट्टराई, वरिष्ठ शाखा अधिकृत, राष्ट्रिय सभागृह
३ श्री  बिन्जु बज्रचार्य, वरिष्ठ लेखा अधिकृत, योजना, अनुगमन तथा मूल्याङ्कन एकाइ
४ श्री उत्तम अमात्य, लेखा अधिकृत, आन्तरिक लेखापरीक्षण एकाई
५ श्री तोइन्द्र राज सापकोटा, लेखा अधिकृत, शिक्षा विभाग

**(ख) विपद व्यवस्थापन तथा वातावरण अनुगमन टोली:**

विपद व्यवस्थापन तथा वातावरण अनुगमन टोलीको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ:

१ विपद व्यवस्थापन विभाग,
२ वातावरण व्यवस्थापन विभाग,
३ उद्यान तथा हरियाली प्रवद्र्धन आयोजना र
४ वडा कार्यालय

विपद व्यवस्थापन तथा वातावरण अनुगमन टोलीमा देहायबमोजिमका व्यक्तिहरु रहेका छन्:
१ श्री प्रशुनरत्न बज्रचार्य, विज्ञ सदस्य, सहरी योजना आयोग
२ श्री सीता शर्मा, वरिष्ठ शाखा अधिकृत, राष्ट्रिय सभागृह
३ श्री नलि बज्राचार्य, वरिष्ठ जनस्वास्थ्य अधिकृत, स्वास्थ्य विभाग
४ श्री माधव काफ्ले, वरिष्ठ इन्जिनियर, सार्वजनिक निर्माण विभाग
५ श्री जगन्नाथ शर्मा पौडेल, वरिष्ठ लेखा अधिकृत, राजस्व विभाग

**(ग) सम्पदा तथा भौतिक पूर्वाधार अनुगमन टोली:**
सम्पदा तथा भौतिक पुर्वाधार अनुगमन टोलीको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ:
१ सम्पदा तथा पर्यटन विभाग,
२ सार्वजनिक निर्माण विभाग र
३ वडा कार्यालय

सम्पदा तथा भौतिक पूर्वाधार अनुगमन टोलीमा देहायबमोजिमका व्यक्तिहरु रहेका छन्:
१ आ.इ. श्री बाबुराम भट्टराई, विज्ञ सदस्य, सहरी योजना आयोग
२ श्री रविन्द्र रिजाल, वरिष्ठ इन्जिनियर, सम्पदा तथा पर्यटन विभाग
३ श्री जीवन रेग्मी, वरिष्ठ इन्जिनियर, सहरी व्यवस्थापन विभाग
४ श्री जानकी मैनी सिंह, वरिष्ठ शाखा अधिकृत, सामाजिक विकास विभाग
५ श्री विकास ओझा, सूचना प्रविधि अधिकृत, सूचना प्रविधि विभाग

**४. अनुगमन विधि र सङ्ख्या**
अनुगमन तथा मूल्याङ्कन समितिका संयोजकको कार्य व्यस्थतालाई मध्यनजर गर्नुका साथै अनुगमनसम्बन्धी कार्यलाई प्रभावकारी एवं व्यवस्थित रुपमा अगाडि बढाउन प्रत्येक हप्ताको

बिहीबार र आकस्मिक रुपमा जहिलेसुकै योजनाहरुको स्थलगत अनुगमनमा जाने गरी कार्यतालिका तयार गरी सोहीबमोजिम अनुगमनका कार्यहरु हुँदै आएका छन्। अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु अनुगमनमा जानु पूर्व परियोजना कार्यान्वयन सम्बद्ध विभागसँग कागजात माग गरी अध्ययन गर्ने साथै सम्बद्ध विभागसँग जानकारी समेत लिने गरिएको छ ।

अनुगमन तथा मूल्याङ्कन समितिका संयोजकको नेतृत्वमा फिल्डमा गएको समितिले आर्थिक वर्ष २०८२।८३ मा जम्मा २७ (सत्ताइस) वटा परियोजनाहरुको अनुगमन गरेको हो । अनुगमन पश्चात योजना, अनुगमन तथा मूल्याङ्कन एकाइद्धारा अनुगमन प्रतिवेदन तयार गर्ने गरिएको छ । सम्पदा तथा भौतिक पूर्वाधार अनुगमन टोलीले ६ वटा परियोजनाहरुको अनुगमन गरी जानकारी गराएको छ । अनुगमन तथा मूल्याङ्कन समितिद्धारा अनुगमन गरिएका परियोजनाहरुको विवरण तल उल्लेख गरिएको छ ।

स्थलगत अनुगमनका क्रममा सम्बन्धित निर्माण व्यवसायी, उपभोक्ता समिति, स्थानीयबासी सरोकारवाला लगायतको उपस्थिति रहने हुँदा परियोजना निर्माण सम्बन्धित विषयमा सरोकारवाला तथा स्थानीयबासीको भनाइ सुनी, सूचना तथा जानकारी लिई आवश्यकताबमोजिम कैफियत देखिएमा त्यस्को तत्काल सुधारका लागि लिखित तथा मौखिक निर्देशन समेत दिने गरिएको छ । समितिसमक्ष कुनै तबरबाट परियोजना सम्बन्धित विषयमा गुनासो आएको अवस्थामा आवश्यक देखिएका बखत आकस्मिक रुपमा पनि स्थलगत अनुगमन गर्ने साथै सम्बन्धित पक्षलाई सम्पर्क गरी परियोजनाको विषयमा जाँचबुझ गर्ने तथा निर्देशन समेत दिने र परियोजना कार्यान्वयनमा कुनै अवरोध आएको अवस्थामा त्यसको सहजीकरण समेत गर्ने गरिएको छ । समितिको अनुगमन सम्बन्धित सम्पूर्ण प्रशासनिक कार्यको व्यवस्थापन एकाइबाट हुँदै आएको छ ।

**५. वडास्तरीय अनुगमन समिति**

काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ को दफा ५ मा वडास्तरीय अनुगमन समितिको व्यवस्था रहेको छ । महानगरपालिकाबाट वडा क्षेत्रभित्र

सञ्चालित विकास योजनाहरुको निरन्तर अनुगमन तथा मूल्याङ्कन वडा तहबाट हुने उल्लेख छ । सो व्यवस्था बमोजिम काठमाडौं महानगरपालिकाका सबै वडा कार्यालयहरुमा वडास्तरीय अनुगमन समिति गठन भइ समितिबाट अनुगमनसम्बन्धी कार्यहरु हुँदै आएका छन्। अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ कार्यविधिले प्रत्येक वडामा देहायबमोजिमको वडास्तरीय अनुगमन समिति रहने व्यवस्था गरेको छ:

(क) वडा समितिले तोकेको नियमनसम्बन्धी कार्य हेर्ने वडा सदस्य —संयोजक

(ख) वडामा कार्यरत प्राविधिक कर्मचारी —सदस्य

(ग) वडा समितिले तोकेको सम्बन्धित क्षेत्रको विज्ञ —सदस्य

(घ) वडा सचिवले तोकेको कर्मचारी —सदस्य-सचिव

काठमाडौं महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा वडास्तरीय अनुगमन समिति गठन भइ अनुगमन कार्य हुँदै आएको छ । आर्थिक वर्ष २०८२।०८३ मा वडास्तरीय अनुगमन समितिबाट वडागत रुपमा प्राप्त विवरण अनुगसार अनुगमन तथा मूल्यांकन सङ्ख्या जम्मा ३९२ रहेको छ ।

**६. काठमाडौं महानगरपालिकाका केन्द्रीय प्रशासनिक एकाइहरुबाट भएको अनुगमन सम्बन्धी विवरण-**

काठमाडौं महानगरपालिकाको अनुगमन कार्यलाई व्यवस्थित गर्न विषयगत रुपमा विभिन्न प्रशासनिक एकाइहरुबाट पनि योजना तथा कार्यक्रमको अनुगमन गर्ने गरिएको छ ।

**१.राजस्व सम्बन्धी अनुगमन -** काठमाडौं महानगरपालिकाको राजस्व विभागबाट राजस्व सम्बन्धी विषयमा तथ्याङ्क संकलन तथा अनुगमन गर्नको लागि विभिन्न अनुगमन टोलीहरु र इन्टर्नहरु परिचालन गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ मा राजस्व विभागबाट प्राप्त जानकारी अनुसार २४ वटा वडाहरुको जम्मा २९,९४१ वटा तथ्यांक संकलन तथा अनुगमन भएका छन् ।

**२. सहकारी सम्बन्धी अनुगमन -** काठमाडौं महानगरपालिकाको सहकारी विभागबाट सहकारीहरुको अनुगमन गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ मा सहकारी

विभागबाट प्राप्त जानकारी अनुसार जम्मा ४० वटा सहकारीहरुको अनुगमन भएका छन् ।

३. **कृषि सम्बन्धी अनुगमन** - काठमाडौं महानगरपालिकाको कृषि तथा पशुपन्छी विभागबाट बजारको अनुगमन गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ मा कृषि तथा पशुपन्छी विभागबाट प्राप्त जानकारी अनुसार जम्मा २६३ वटा योजनाहरुको अनुगमन भएका छन् ।

४. **सम्पदा तथा पर्यटन सम्बन्धी अनुगमन** - काठमाडौं महानगरपालिकाको सम्पदा तथा पर्यटन विभागबाट सम्पदा तथा पर्यटन सम्बन्धी योजनाहरुको अनुगमन गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ सम्पदा तथा पर्यटन विभागबाट प्राप्त जानकारी अनुसार जम्मा १५६ वटा योजनाहरुको अनुगमन भएका छन् ।

५. **स्वास्थ्य सम्बन्धी अनुगमन** - काठमाडौं महानगरपालिकाको स्वास्थ्य विभाग मार्फत स्वास्थ्य सम्बन्धी योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ स्वास्थ्य विभागबाट प्राप्त जानकारी अनुसार जम्मा १५३ वटा योजना तथा कार्यक्रमहरुको अनुगमन भएका छन् ।

६. **सामाजिक विकास सम्बन्धी अनुगमन** - काठमाडौं महानगरपालिकाको सामाजिक विकास विभागबाट सामाजिक विकास सम्बन्धी योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ सामाजिक विकास विभागबाट प्राप्त जानकारी अनुसार जम्मा १४८ वटा योजना तथा कार्यक्रमहरुको अनुगमन भएका छन् ।

७. **सार्वजनिक निर्माण सम्बन्धी अनुगमन** - काठमाडौं महानगरपालिकाको सार्वजनिक निर्माण विभागबाट सार्वजनिक निर्माण तथा पूर्वाधार सम्बन्धी योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ सार्वजनिक निर्माण विभागबाट प्राप्त जानकारी अनुसार जम्मा ५५ वटा योजनाहरुको अनुगमन भएका छन् ।

७. **उद्यान तथा हरियाली प्रवर्द्धन सम्बन्धी अनुगमन** - काठमाडौं महानगरपालिकाको उद्यान तथा हरियाली प्रवर्द्धन आयोजनाबाट उद्यान तथा हरियाली प्रवर्द्धन सम्बन्धी योजना तथा

कार्यक्रमहरुको अनुगमन गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ मा उद्यान तथा हरियाली प्रवर्द्धन आयोजनाबाट प्राप्त जानकारी अनुसार जम्मा ५४ वटा योजनाहरुको अनुगमन भएका छन् ।

अनुगमनको सारांश विवरण -

| क सं | समिति /टोली | अनुगमन संख्या | कैफियत |
|---|---|---|---|
| १ | अनुगमन तथा मूल्यांकन समिति | २७ | |
| २ | अनुगमन टोली | ६ | |
| | जम्मा संख्या | ३३ | |

विभागगत अनुगमनको विवरण -

| क सं | विभागको नाम | अनुगमन भएको संख्या | कैफियत |
|---|---|---|---|
| १ | राजस्व विभाग | २९,९४१ | तथ्याङ्क संकलन तथा अनुगमन |
| २ | सहकारी विभाग | ४० | |
| ३ | कृषि तथा पशुपन्छी विभाग | २६३ | |
| ४ | स्वास्थ्य विभाग | १५३ | |
| ५ | सम्पदा तथा पर्यटन विभाग | १५६ | |
| ६ | सार्वजनिक निर्माण विभाग | ५५ | |
| ७ | सामाजिक विकास विभाग | १४८ | |
| ८ | उद्यान तथा हरियाली प्रवर्द्धन आयोजना | ५४ | |
| | जम्मा | ३०,८१० | |

वडा स्तरीय अनुगमन समिमितबाट भएका अनुगमन सम्बन्धी विवरण -

| क सं | वडा नम्बर | अनुगमन सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | २ | ६७ | |
| २ | ४ | २५ | |
| ३ | ५ | ५५ | |
| ४ | ७ | ६६ | |
| ५ | १४ | ५६ | |
| ६ | २६ | ४० | |
| ७ | २९ | ३२ | |
| ८ | ३१ | ५१ | |
| | जम्मा | ३९२ | |

काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य अनुगमन तथा मूल्यांकन समिति, अनुगमन टोली, विभिन्न विभागहरु र वडा स्तरीय अनुगमन समितिबाट योजना तथा कार्यक्रमहरुको अनुगमन भएको छ । आर्थिक वर्ष २०८२/०८३ मा काठमाडौं महानगरपालिकाका सबै संयन्त्र मार्फत भएका अनुगमन तथा मूल्यांकनको कुल सङ्ख्या ३१,२३५ रहेको छ ।

अनुगमन तथा मूल्याङ्कन समितिबाट आर्थिक वर्ष २०८२।०८३ मा गरिएका अनुगमनसम्बन्धी विवरण देहायबमोजिम प्रस्तुत गरिएको छ ।

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| १ | हनुमान ढोका ढुंगा छाप्ने कार्य | २४ | १६ करोड ७३ लाख १० हजार २ सय रुपैयाँ ३८ पैसा | २०८२।४।४ | वातावरणमैत्री निर्माण कार्यका लागि जोड दिँदै जमिनमुनीको पानीको स्रोत र मात्रा घटेको अवस्थामा पुनर्सिञ्चित तथा पुनर्भरणका लागि रिचार्ज पिट/ सोक पिट राख्ने पहल गर्नु पर्ने । |
| २ | धुलो रहित सडक पश्चिम क्षेत्र अन्तर्गत फलफूल बजारमा सडक ढलान गर्ने कार्य | १४ | ७४ करोड ९९ लाख ९८ हजार ७ सय ५१ रुपैया २० पैसा (भ्याट कन्टिन्जेन्सी पिएस सहित) | २०८२/६/२७ | निर्माण कार्य क्षेत्रमा जथाभावी फालिएको फोहरको उचित व्यवस्थापन गर्नका लागि वातावरण व्यवस्थापन विभागसँग योजना अनुगमन तथा मूल्यांकन एकाइले समन्वय गर्ने । |

| क सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| ३ | जूद्ध बारुण यन्त्र भवन प्रवलिकरण कार्य | २३ | ९४ लाख ९६ हजार ८९ रुपैंया ७५ पैसा (भ्याट सहित) | २०८२/८/४ | |
| ४ | Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC परियोजना -१ | २,३, १४, १६, १९, २६ र ३० का विभिन्न स्थान | १ करोड ९० लाख ३६ हजार ८ सय ८७ रुपैंया १७ पैसा लागत (भ्याटसहित) | २०८२/८/४ | १. योजना सम्पन्न भइसकेका ठाउँहरुमा तत्काल प्रेशर टेष्ट गर्ने,<br>२. परियोजना सम्पन्न भए पछि pressure test गरेर मात्र परियोजना बुझिलिने ।<br>३. सम्पन्न परियोजनाको सावधिक रुपमा नियमित परिक्षण, मर्मत संभार गर्नका लागि सम्बन्धित विभागले कार्ययोजना तयार गरी सो बमोजिम निर्देशन दिने । |

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| ५ | Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC परियोजना -२ | वडा नं. २ ३ १४ १६ १९ २६ र ३० का विभिन्न स्थान | १ करोड ९० लाख ३६ हजार ८ सय ८७ रुपैंया १७ पैसा लागत (भ्याटसहित) | २०८२/८/४ | १. योजना सम्पन्न भइसकेका ठाउँहरुमा तत्काल प्रेशर टेष्ट गर्ने,<br>२. परियोजना सम्पन्न भए पछि pressure test गरेर मात्र परियोजना बुझिलिने ।<br>३. सम्पन्न परियोजनाको सावधिक रुपमा नियमित परिक्षण, मर्मत संभार गर्नका लागि सम्बन्धित विभागले कार्ययोजना तयार गरी सो बमोजिम निर्देशन दिने । |
| ६ | Stone Paving works at Jamal-Asan-Indrachowk | २७ | ३ करोड ५२ लाख १६ हजार ४ सय ६० रुपैया ९ पैसा लागत (भ्याट सहित) | २०८२/८/११ | १. भोटाहिटि क्षेत्रमा ढुङ्गा छाप्दा जमिन सतहमा Slop नमिलि अग्लो होचो भएर पैदल यात्रीलाई असहज भएको देखिएको र स्थानीय बासिन्दाको गुनासो समेत आएकोले यस परियोजना अन्तर्गतका त्यस्ता स्थानहरुमा |

| क सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| | | | | | तत्काल सुधार गर्न निर्देशन दिइएको । २. परियोजना अन्तर्गतका विभिन्न ठाँउहरुमा जमिनमुनीको पानी पुनर्भरणका लागि उपयुक्त स्थानको पहिचान गरी पानी पुनर्भरण हुने व्यवस्था मिलाउने । |
| ७ | भद्रकाली मन्दिर परिसर पुनर्निर्माण कार्य | १ | ३६ करोड १८ लाख १५ हजार २ सय ११ रुपैयाँ | २०८२/९/८ | निर्माण कार्यलाई निरन्तरता दिंदै गुणस्तर कायम गरी निर्धारित समयमानै परियोजना सम्पन्न गर्न सम्बन्धित विभागले निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने । |
| ८ | महाँकाल मन्दिर पुनर्निर्माण कार्य | २२ | १० करोड ३६ लाख ४६ हजार ४ सय ५४ रुपैयाँ | २०८२/९/९ | निर्माण कार्यलाई निरन्तरता दिंदै गुणस्तर कायम गरी निर्धारित समयमानै परियोजना सम्पन्न गर्न सम्बन्धित विभागले निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने । |

| क सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| ९ | खुल्लामञ्च मा घाँसे मैदान निर्माण गर्ने कार्य | २८ | ६ करोड ९८ लाख ७० हजार ३ सय १५ रुपैयाँ | २०८२/९/९ | खुल्ला मञ्चको खुल्ला मैदानमा उम्रिएको अनावश्यक झारपातले रोपिएको दुबोलाई अतिक्रमण गरेको देखिएकोले त्यसको गोडमेल तथा सरसफाइका लागि उद्यान तथा हरियाली प्रवर्धन आयोजनालाई निर्देशन बमोजिम आयोजनालाई पत्राचार गरिएको ।<br>निर्माण कार्यलाई निरन्तरता दिँदै गुणस्तर कायम गरी निर्धारित समयमानै परियोजना सम्पन्न गर्न सम्बन्धित विभागले निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने । |
| १० | धुलो रहित सडक पूर्वी क्षेत्र (वडा ६ १० ३१ र ३२) | ३२ | ८० करोड २३ लाख ०३ हजार ३ सय ९० रुपैया १९ पैसा | २०८२/९/१८ | निर्माण कार्यको गुणस्तरमा सुनिश्चितता कायम गरी विचलित नभइकन कार्य सम्पन्न गर्न निर्माण व्यवसायी र सम्बन्धित विभाग अगाडि बढ्नु पर्ने । |

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| ११. | बागदरबार को रेट्रोफिटिङ्ग कार्य | ११ | रू. ७४ करोड ४७ लाख ३९ हजार ४ सय ४३ रुपैयाँ १३ पैसा (भ्याट पिएस र कन्टिजेन्सी सहित) | २०८२/१०/२३ | १. बागदरबारको रेट्रोफिटिङ्ग गर्दा मौलिकता र संरचनागत बलियोपनालाई निर्माण कार्यको प्रारम्भदेखिका हरेक प्रक्रियामा सार्वजनिक निर्माण विभागले निगरानी गर्ने ।<br>२. रेक्टोफिटिङ्ग कार्यमा प्रयोग भएका सामग्रीहरुको गुणस्तर सुनिश्चिततताका लागि आवश्यकतानुसार प्रयोगशाला परीक्षण गर्ने । |
| १२. | Beautification and Maintenance of Kamal Pokhari (Phase II) | १ | ४ करोड ६ लाख ८१ हजार ८० रुपैयाँ १४ पैसा (भ्याट र पिएस सहित) | २०८२/१०/२३ | १. पोखरीमा सदाबहार रुपमा पानीको सतह एकैनाशको कायम रहिरहने व्यवस्थाका लागि मेलम्ची खानेपानी आयोजनासँग सार्वजनिक विभागमार्फत समन्वयको कार्य अगाडि बढाउने<br>२. कमल पोखरी पार्कको नाम रञ्जना लिपिमा लेख्न सार्वजनिक निर्माण विभागले आवश्यक कार्य अगाडि बढाउने । |

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| | | | | | ३. पार्कमा सदावहार सरसफाइ र हरियाली कायम राख्ने कार्यमा सार्वजनिक निर्माण विभाग वातावरण व्यवस्थापन विभाग र उद्यान तथा हरियाली प्रवर्द्धन आयोजनाका बिचमा समन्वय गरेर गर्न निर्देशन दिने । |
| १३. | Karma Rong Bikash Samaj, Building Construction | ६ | रू. २ करोड ६९ लाख ८७ हजार ९३ रुपैयाँ र ७६ पैसा स्वीकृत लागत (भ्याट र पिएस सहित) | २०८२/११/५ | महानगरपालिकाको आर्थिक सहयोगमा बनेको कर्मारोङ समाज केन्द्र भवन साँस्कृतिक तथा सामाजिक एकताको प्रतिकको रुपमा बनाइएकोले यस भवनलाई समाजले अधिकतम उपयोग गर्ने । |
| १४. | Construction of community Building of Humla | ६ | रू. २ करोड ९९ लाख १५ हजार ३ सय ९० | २०८२/११/५ | महानगरपालिकाको आर्थिक सहयोगमा बनेको हुम्ला लिमि समाजको साँस्कृतिक तथा सामाजिक एकताको प्रतिकको रुपमा बनाइएको भवनलाई |

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| | Limi Samaj | | रुपैयाँ ८० पैसा | | हालकै अवस्थामा यसको अधिकतम उपयोग गर्ने । |
| १५. | Construction of Buddha Samaj Kendra Bhawan | ६ | रू. २ करोड ४९ लाख ६० हजार ८ सय ५२ रुपैयाँ ४४ पैसा (भ्याट र पिएस समेत) | २०८२/११/५ | महानगरपालिकाको आर्थिक सहयोगमा बनेको बौद्ध समाज केन्द्र भवन साँस्कृतिक तथा सामाजिक एकताको प्रतिकको रुपमा बनाइएकोले यस भवनलाई समाजले अधिकतम उपयोग गर्ने । |
| १६. | Re-Construction of Sanogaucharan football Stadium Park | | रू. २२ करोड ९६ लाख ६० हजार ९९ रुपैयाँ र ३९ पैसा | २०८२/११/२९ | १. रंगशालाको भवन अपाङ्गतामैत्री भएको नपाइएकोले भवनलाई अपाङ्गतामैत्री एवं सबैको लागि पहुँचयोग्य बनाउन यसका साथै माथिल्लो तलामा जानको लागि कम्तीमा १ वटा ह्वीलचियर अट्ने लिफ्ट बनाउने ।<br>२.महानगरपालिकाका साइट इन्जिनियर श्री अर्जुन अर्याल र |

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| | | | | | माया अवस्थीले निर्माण कार्यको नियमित निरीक्षण गरी परियोजनाको गुणस्तरियता सुनिश्चित गर्नुपर्ने । |
| १७. | Construction of Skateboard Park | ५ | ७ करोड ९८ लाख ४३ हजार ८ सय २५ रुपैयाँ (भ्याट पिएस र कन्टिजेन्सी सहित) | २०८२/११/२९ | परियोजना सम्बद्ध साइट इन्जिनियरले निर्माण कार्यको नियमित निरीक्षण गरी निर्धारित समयमा गुणस्तरियता कायम राख्दै निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीसँग समन्वय गर्नुपर्ने । |
| १८. | कुमारी घर वसन्तपुर | २५ | १ करोड ७ लाख ७ सय ४५ रुपैयाँ ७ पैसा | २०८२/१२/५ | १. छानामा रहेको झिंगटीबाट पानी चुहिने समस्या नआउने गरी विशेष ध्यान दिएर काम गर्ने ।<br>२. वर्षायाम सुरु हुन भन्दा अगाडि नै काम सक्ने गरी काम जनशक्ति बढाएर काम गर्न निर्देशन भयो ।<br>३. कुमारी घरमा प्रयोग भएका काठहरुको मौलिकता |

| क सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| | | | | | र त्यसको सुन्दरता कायम रहने साथै क्षति नपुग्ने गरी काम गर्नुपर्ने । |
| १९. | जुद्ध बारुणयन्त्र | २३ | ३ करोड ३३ लाख ६२ हजार ३ सय ६८ रुपैयाँ | २०८२/१२/५ | परियोजना विश्वसम्पदा सूचीमा परेको क्षेत्र भएको हुनाले सो सम्बन्धी मापदण्डको पूर्ण परिपालन गरी निर्माण कार्यलाई प्राथमिकतामा दिइ कार्य गर्नुपर्ने । |
| २०. | पचली भैरव | १२ | | २०८२/१२/१९ | १. भवन परिसरमा शौचालय बनाउन आवश्यक देखिएको हुँदा २ पुरुष, २ महिला र १ अपाङ्गतामैत्री शौचालय निर्माण गर्न आवश्यक प्रक्रिया पूरा गरी कार्य गर्ने<br>२. भवन नजिकै रहेको अस्थाई संरचनाले नयाँ बन्ने भवनको सुन्दरता घटाउने हुँदा उक्त भवनलाई यथासम्भव सौन्दर्यीकरणका लागि ध्यान दिने । |
| २१. | टेकू भवानी | १२ | २ करोड ३३ लाख ४८ | २०८२/१२/१९ | १.यस्ता खालका पुरातात्विक महत्वकास्थलको पुनर्निर्माणमा |

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| | माता नजिकैको पाटी सत्तल | | हजार ३ सय ९५ रुपैयाँ ४३ पैसा | | वृहत योजना सहित DPR गरिनुपर्ने।<br>२. निर्माण कार्यमा तिव्रता दिई समयमै सम्पन्न गर्नुपर्ने ।<br>३. तोकिएको मापदण्ड र गुणस्तर कायम रहने गरी सम्बन्धित विभाग र कर्मचारीले निरन्तर अनुगमन तथा निगरानी गर्नुपर्ने |
| २२. | ३२ वडा कार्यालय | ३२ | २० करोड २९ लाख ११ हजार ५ सय ७ रुपैयाँ ३८ पैसा (भ्याट र पिएस कन्टिजेन्सी सहित) | २०८२/१२/२७ | काठमाडौं महानगरपालिकाका साइट ईन्जिनियर श्री प्रेम बहादुर श्रेष्ठले निर्माण कार्यको नियमित निरीक्षण गरी परियोजनाको गुणस्तरियता कायम गर्दै निर्धारित समयमा भवन निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने । |
| २३. | पेप्सीकोलाको | ३२ | | २०८२/१२/२७ | १.फुटबल ग्राउण्डको बहुउपयोग हुने गरी तयारी |

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| | फुटबल ग्राउण्ड | | | | गर्ने र यसको प्रयोग सोही बमोजिम हुनुपर्ने । <br> २. फुटबल ग्राउण्डको जमिनमुनिको पानीको सतहलाई पुनरभरण गर्नको लागि पर्याप्त संख्यामा Recharge Pit को प्रबन्ध गरी परियोजनालाई हरेक दृष्टिले वातावरणमैत्री बनाइनु पर्ने। |
| २४. | नरेफाँट मनोहरा करिडोर सडक पिच (धुलो रहित सडक स्वर्णिम योजना ) | ३२ | ८० करोड २३ लाख ०३ हजार ३ सय ९० रुपैयाँ १९ पैसा (भ्याट र पिएस सहित) | २०८२/१२/२७ | |
| २५. | Construction of single cell box culvert | २८ | ९० लाख ४० हजार ५ सय ५० | २०८३/१/११ | परियोजनाको निर्माण कार्यमा तोकिएको मापदण्ड र गुणस्तर कायम रहने गरी निर्धारित |

| क्र सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
| --- | --- | --- | --- | --- | --- |
| | निर्माण कार्य | | रुपैयाँ ८० पैसा (भ्याट पिएस र कन्टिजेन्सी सहित) | | समयमै सम्पन्न गर्न सम्बन्धित विभाग र साइट इन्जिनियरको निगरानी तथा सुपरिवेक्षणमा सम्बन्धित निर्माण व्यवसायीले परियोजना निर्माण कार्यलाई तिव्रताका साथ कार्य गर्नुपर्ने । |
| २६. | वटु गुगुंचा मन्दिर पुनः निर्माण कार्य | काम पा २२ | ७५ लाख ६५ हजार २ सय ०९ रुपैयाँ ५२ पैसा(भ्याट र ओभरहेड बाहेक, पिएस सहित) | २०८३/१/१७ | १. वटु गुगुंचा मन्दिर कति सालमा बनेको हो, त्यसको पुनर्निर्माण कहिले गरियो र पुनर्निर्माण गर्दा कलाकृति लगायतका कुन कुन स्थान र भागमा र के के नयाँ कलाकृति थपियो भन्ने विषय पछाडिको पुस्ताले पनि सहजै जानकारी लिन र स्पष्ट बुझन सक्ने गरी सम्बन्धित इन्जिनियरले अभिलेखबद्ध गरी विभागमा जानकारी गराउने ।<br><br>२. परियोजनाको निर्माण कार्यमा गुणस्तर कायम गर्दै निर्धारित समयमा कार्य सम्पन्न गर्न सम्बन्धित विभाग र साइट इन्जिनियरले निरन्तर |

| क सं | योजनाको नाम | वडा नं | स्वीकृत लागत | अनुगमन गरिएको मिति | अनुगमन पश्चात दिइएका सुझाव |
|---|---|---|---|---|---|
| | | | | | सुपरिवेक्षण गरी निर्माण व्यवसायीलाई काममा लगाउनु पर्ने । |
| २७. | गोमा गणेश मन्दिर पुननिर्माण | काम पा २२ | १ करोड ५८ लाख १ हजार ४ सय ३० रुपैयाँ ७९ पैसा (भ्याट र पिएस सहित) | २०८३/१/१७ | १ हाल चालु अवस्थामा रहेको यस परियोजनाको परिसरमा लगाइएको पर्खालको बाहिर रहेको सडकको फुटपाथमा राखिएका निर्माणका सामग्रीहरु तुरुन्त हटाई फुटपाथ सहज आवागमनको लागि खुला गर्ने र सो विषयको जानकारी सम्बन्धित प्राविधिक कर्मचारीले योजना अनुगमन तथा मूल्यांकन एकाइमा गराउने ।<br><br>२ पुनर्निर्माण कार्यमा निर्धारित गुणस्तरियता कायम गर्दै तोकिएको समयमा परियोजना सम्पन्न गर्नु पर्ने । |

काठमाडौं महानगरपालिकाको अनुगमन तथा मूल्याङ्कनका प्रमुख समस्याहरु देहाय बमोजिम रहेका छन् ।

**१ योजना तथा कार्यक्रम कार्यान्वयनमा ढिलाइ**

स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू निर्धारित समयभित्र सम्पन्न हुन नसक्दा अपेक्षित भौतिक तथा वित्तीय प्रगति हासिल गर्न कठिनाइ भएको देखिन्छ।

**२ बजेट विनियोजन र खर्च क्षमताबीच अन्तर**

कतिपय कार्यक्रम तथा योजनामा बजेट विनियोजन भए पनि कार्यान्वयनको अवस्था सोही अनुपातमा अघि बढ्न नसकेको देखिन्छ। यसबाट विनियोजित बजेटको पूर्ण उपयोग हुन नसक्ने र स्रोतको प्रभावकारी परिचालनमा चुनौती उत्पन्न हुने अवस्था रहेको छ।

**३ अनुगमनमा नतिजामुखी दृष्टिकोणको कमी**

अनुगमनका क्रममा काम सम्पन्न भए/नभएको अवस्थालाई मात्र हेर्ने प्रवृत्तिभन्दा कार्यक्रमबाट प्राप्त उपलब्धि, सेवा गुणस्तर, प्रभाव र नागरिक सन्तुष्टिलाई समेत आधार बनाई मूल्याङ्कन गर्नुपर्ने आवश्यकता देखिएको छ। महानगरपालिकाले पनि अनुगमनलाई तुलना गर्न मिल्ने र परिणाम देखिने सुधारको माध्यम बनाउनुपर्नेमा जोड दिएको छ।

**४ अनुगमनबाट प्राप्त सुझावको कार्यान्वयन कमजोर**

अनुगमनका क्रममा दिइएका निर्देशन तथा सुझावहरू कार्यान्वयन भए/नभएको विषयमा नियमित फलोअपको आवश्यकता देखिन्छ। निर्देशन कार्यान्वयन नभएमा जिम्मेवारी निर्धारण गरी समयमै सुधारात्मक कदम चाल्नुपर्ने अवस्था रहेको छ।

**५ तथ्याङ्क तथा प्रगति विवरणमा एकरूपताको अभाव**

विभिन्न विभाग, महाशाखा, एकाइ, आयोजना तथा वडा कार्यालयबाट प्राप्त प्रगति विवरणमा तथ्याङ्कको ढाँचा, मापन विधि र विवरण प्रस्तुत गर्ने तरिकामा एकरूपता कायम गर्न थप सुधार आवश्यक देखिन्छ।

### ६ विभाग तथा वडा तहबीच समन्वयको आवश्यकता

योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनका क्रममा सम्बन्धित विभाग, एकाइ, आयोजना, र वडा कार्यालयबीच प्रभावकारी समन्वय आवश्यक देखिन्छ।

### ७ अनुगमनका लागि पर्याप्त जनशक्ति तथा प्राविधिक क्षमता

महानगरपालिकाको कार्यक्षेत्र र योजनाको संख्या ठूलो भएकाले सबै योजना तथा कार्यक्रमको नियमित, गुणस्तरीय र परिणाममुखी अनुगमन गर्न पर्याप्त प्राविधिक जनशक्ति, समय तथा स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहेको देखिन्छ।

### ८ अनुगमन प्रणालीलाई डिजिटल तथा तथ्यमा आधारित बनाउनुपर्ने

अनुगमनका तथ्याङ्कलाई एकीकृत प्रणालीमा अभिलेख राख्ने, प्रगति अद्यावधिक गर्ने र विगत तथा वर्तमान प्रगतिबीच तुलना गर्ने प्रणालीलाई थप सुदृढ गर्न आवश्यक देखिन्छ। महानगरपालिकाको योजना, अनुगमन तथा मूल्याङ्कन एकाइबाट हाल पनि विभिन्न निकायबाट प्रगति विवरण माग्ने तथा अनुगमन समितिहरू अद्यावधिक गर्ने कार्य भइरहेको देखिन्छ।

### निष्कर्ष

काठमाडौं महानगरपालिकाको वार्षिक अनुगमन तथा मूल्याङ्कनबाट महानगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था पहिचान तथा विश्लेषण गर्न महत्वपूर्ण आधार प्राप्त भएको छ। अनुगमन कार्यलाई प्राथमिकतामा राखी तीव्रता दिनु आवश्यक देखिएको छ । अनुगमन प्रणालीले योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था, देखिएका समस्या, उपलब्धि तथा सुधार गर्नुपर्ने पक्ष पहिचान गर्न सहयोग पुऱ्याएको छ। तर बजेट विनियोजन, योजना कार्यान्वयन, खर्च प्रगति, अनुगमनबाट प्राप्त निर्देशनको कार्यान्वयन र अपेक्षित नतिजाबीच अझै थप समन्वय आवश्यक रहेको देखिन्छ। त्यसैले आगामी दिनमा अनुगमनलाई नतिजा, गुणस्तर, प्रभावकारिता र नागरिकले प्राप्त गरेको वास्तविक लाभ मापन गर्ने प्रणालीका रूपमा विकास गर्न आवश्यक छ।

अनुगमन तथा मूल्यांकन कार्यविधि अनुसार अनुगमन तथा मूल्यांकन समिति, विभाग, एकाइ, आयोजना तथा वडा तहबाट नियमित अनुगमन गरी मासिक प्रतिवेदन पेस गर्ने तथा एकीकृत वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी नगर कार्यपालिकासमक्ष प्रस्तुत गर्ने व्यवस्था रहेको छ। यस व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै अनुगमन → समस्या पहिचान → निर्देशन → सुधार → पुनःअनुगमन → नतिजा मूल्याङ्कनको चक्रलाई संस्थागत गर्न सकेमा योजना तथा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता बढाउन सकिने देखिन्छ।

अन्तत आगामी वर्षको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई तथ्यमा आधारित, नतिजामुखी, प्रविधिमैत्री, पारदर्शी र जवाफदेही बनाउँदै अनुगमनबाट प्राप्त सुझाव तथा निर्देशनको कार्यान्वयनलाई प्राथमिकता दिनु आवश्यक छ। महानगरपालिकाका प्रशासनिक एकाइहरु र वडा कार्यालयहरुबाट नियमित रुपमा भएका अनुगमन सम्बन्धी कार्यहरुको प्रभावकारी अभिलेख व्यवस्थापन तथा प्रतिवेदन प्रणालीलाई अझ व्यवस्थित बनाउन सकेमा आगामी दिनमा महानगरपालिकाको स्रोतको प्रभावकारी उपयोग, योजना कार्यान्वयनमा सुधार, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि तथा नागरिकप्रति जवाफदेहिता थप सुदृढ हुने अपेक्षा गर्न सकिन्छ।

Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल मंसिर ४ गतेका दिन काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलज्यूको नेतृत्वमा Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा प्रमुख प्रशासकीय अधिकृत श्री सरोज गुरागाईं लगायत समितिका सदस्यहरु, सम्बन्धित विभागका विभागीय प्रमुख तथा महाशाखा प्रमुखहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) को संलग्नता रहेको थियो ।

## २ आयोजनाको परिचय

Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC नामक यो परियोजना अन्तर्गत परियोजनास्थलमा Dry Riser Pipe विछ्याउने कार्य हुनेछ । उक्त कार्यका लागि आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटमा रू. २ करोड विनियोजन गरिएकोमा जम्मा १ करोड ९० लाख ३६ हजार ८ सय ८७ रुपैंया १७ पैसा लागत (भ्याट सहित) मा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो । काठमाडौं महानगरपालिका वडा नं. ३ का - Manikul Tole, Shanti Basti Galli, Dhaubangal Galli, वडा नं. २ - Sahamati Marga; वडा नं. १४ - Kalanki Temple, Sunar Gaun Piplabot, Rabibhawan – Santoshi Marga – Laxmi Narayan Temple; वडा नं. ३० – Janagoreto Galli – Prithak Galli, वडा नं. २६ – Sukubahal Galli, Samakhusi Marga- Sukubahal Marga – Pipalbot (Narayan Temple) , वडा नं. १६ – Sharan Galli Adarsha Nagar Galli, वडा नं.१९ – Yatakha Bahal र Chasando Galli मा सो परियोजना अन्तर्गत Dry Riser विछ्याउने कार्य भइरहेको पाइयो ।यो योजना सम्पन्न भइसके पछि ठूला बारुणयन्त्र (दमकल) प्रवेश गर्न नसक्ने उल्लिखित साँघुरा गल्लिहरुमा हुन सक्ने आगलागीजन्य विपद्को जोखिम कम हुन जाने देखिन्छ । यसबाट सुरक्षित बसोवासको व्यवस्था गर्ने काठमाडौं महानगरपालिका कार्यालयको प्राथमिक दायित्व निर्वाह गर्ने कार्यमा समेत प्रगति हुने देखिन्छ ।

ठेक्का नं. १६-२३-०८१-८२-NCBW-KMC को यो ठेक्का कार्यान्वयनका लागि Salabya Nirman Sewa, भक्तपुरलाई मिति २०८२ जेठ २५ गते कार्यादेश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ असार १ गते रहेको र उक्त परियोजना २०८२ चैत्र ३० गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । १ करोड ९० लाख ३६ हजार ८ सय ८७ रुपैंया १७ पैसा लागत (भ्याटसहित) को स्वीकृत लागत भए तापनि प्रतिष्पर्धा गर्दा १ करोड १७ लाख २ हजार ४ सय ५० रुपैंया ९१ पैसा (भ्याट सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ४३ लाख ३५ हजार ५ सय ६८

रुपैंया ८६ पैसा (भ्याट समेत) भुक्तानी भैसकेको र यसबाट हालसम्म ३७. ०४% वित्तीय र ४०. ०५ % भौतिक प्रगति हासिल भएको देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा विपद् व्यवस्थापन विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । परियोजना सञ्चालन भएको क्षेत्रका स्थानीय वासिन्दासँग परियोजनाको सम्भावित उपलब्धीका बारेमा सोधपुछ गरी परियोजनाका प्रति नागरिकहरुको रुची पहिचान गर्ने प्रयत्न गर्दा उल्लिखित योजनाहरु प्रति सम्बन्धित क्षेत्रका नागरिकहरुमा सकारात्मक एवं सहयोगात्मक अभिरुची रहेको पाइयो ।

## ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै वाधा अड्चन विना सञ्चलनमा रहेको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,
३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,
४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

## ५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नुपर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै काम सक्न परियोजना सञ्चालन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,
२. महानगरपालिकाका साइट इन्जिनियर श्री जीवन रेग्मीले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने ।

## ६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय (आवश्यक भए उल्लेख गर्ने)

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC **अनुगमन प्रतिवेदन**

## ७ सरोकारवालाको धारणा, राय, सुझाव

अनुगमनका क्रममा परियोजनास्थलमा उपस्थित स्थानीय जनताको अनौपचारिक धारणा बुझ्दा परियोजनाका प्रति उनीहरुमा गहिरो अभिरुची रहेको पाइयो । वडा कार्यालय तथा वडाका जनप्रतिनिधिहरुले परियोजना कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्दै आएको र योजनाका प्रति उनीहरुले अपनत्वभाव प्रकट गर्दै जनताको जीउ धनको सुरक्षासँग जोडिएका यस प्रकारका योजनाहरु बढी भन्दा बढी मात्रामा तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको मध्यमबाट राहधानी शहरलाई सुरक्षित बसोवासयुक्त शहरमा रुपान्तरण गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।

## ८ अनुगमनपछि दिइएका सुझावहरु

१. योजना सम्पन्न भइसकेका ठाउँहरुमा तत्काल प्रेशर टेष्ट गर्ने,

२. परियोजना सम्पन्न भए पछि pressure test गरेर मात्र परियोजना बुझिलिने ।

३. सम्पन्न परियोजनाको सावधिक रुपमा नियमित परिक्षण, मर्मत संभार गर्नका लागि सम्बन्धित विभागले कार्ययोजना तयार गरी सो बमोजिम निर्देशन दिने ।

## ९ अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फाराम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नाम थर, पद र हस्ताक्षर रहेको ।

## १० अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फाराम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## ११ अनुगमनको क्रममा लिइएका तस्विरहरु

Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC अनुगमन प्रतिवेदन



# Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल मंसिर ४ गतेका दिन काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलज्यूको नेतृत्वमा Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा प्रमुख प्रशासकीय अधिकृत श्री सरोज गुरागाईं लगायत समितिका सदस्यहरु, सम्बन्धित विभागका विभागीय प्रमुख तथा महाशाखा प्रमुखहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) को संलग्नता रहेको थियो ।

## २ आयोजनाको परिचय

Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC नामक यो परियोजना अन्तर्गत परियोजनास्थलमा Dry Riser Pipe विछ्याउने कार्य हुनेछ । उक्त कार्यका लागि आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेटमा रू. २ करोड विनियोजन गरिएकोमा जम्मा १ करोड ९० लाख ३६ हजार ८ सय ८७ रुपैंया १७ पैसा लागत (भ्याट सहित) मा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो । काठमाडौं महानगरपालिका वडा नं. ३ का - Manikul Tole, Shanti Basti Galli, Dhaubangal Galli, वडा नं. २ - Sahamati Marga; वडा नं. १४ - Kalanki Temple, Sunar Gaun Piplabot, Rabibhawan – Santoshi Marga – Laxmi Narayan Temple; वडा नं. ३० – Janagoreto Galli – Prithak Galli, वडा नं. २६ – Sukubahal Galli, Samakhusi Marga- Sukubahal Marga – Pipalbot (Narayan Temple) , वडा नं. १६ – Sharan Galli Adarsha Nagar Galli, वडा नं.१९ – Yatakha Bahal र Chasando Galli मा सो परियोजना अन्तर्गत Dry Riser विछ्याउने कार्य भइरहेको पाइयो ।यो योजना सम्पन्न भइसके पछि ठूला बारुणयन्त्र (दमकल) प्रवेश गर्न नसक्ने उल्लिखित साँघुरा गल्लिहरुमा हुन सक्ने आगलागीजन्य विपद्को जोखिम कम हुन जाने देखिन्छ । यसबाट सुरक्षित बसोवासको व्यवस्था गर्ने काठमाडौं महानगरपालिका कार्यालयको प्राथमिक दायित्व निर्वाह गर्ने कार्यमा समेत प्रगति हुने देखिन्छ ।

ठेक्का नं. १६-२३-०८१-८२-NCBW-KMC को यो ठेक्का कार्यान्वयनका लागि Salabya Nirman Sewa, भक्तपुरलाई मिति २०८२ जेठ २५ गते कार्यादेश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ असार १ गते रहेको र उक्त परियोजना २०८२ चैत्र ३० गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । १ करोड ९० लाख ३६ हजार ८ सय ८७ रुपैंया १७ पैसा लागत (भ्याटसहित) को स्वीकृत लागत भए तापनि प्रतिष्पर्धा गर्दा १ करोड १७ लाख २ हजार ४ सय ५० रुपैंया ९१ पैसा (भ्याट सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ४३ लाख ३५ हजार ५ सय ६८

# Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC

रुपैंया ८६ पैसा (भ्याट समेत) भुक्तानी भैसकेको र यसबाट हालसम्म ३७. ०४% वित्तीय र ४०. ०५ % भौतिक प्रगति हासिल भएको देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा विपद् व्यवस्थापन विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । परियोजना सञ्चालन भएको क्षेत्रका स्थानीय वासिन्दासँग परियोजनाको सम्भावित उपलब्धीका बारेमा सोधपुछ गरी परियोजनाका प्रति नागरिकहरुको रुची पहिचान गर्ने प्रयत्न गर्दा उल्लिखित योजनाहरु प्रति सम्बन्धित क्षेत्रका नागरिकहरुमा सकारात्मक एवं सहयोगात्मक अभिरुची रहेको पाइयो ।

## ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै वाधा अड्चन विना सञ्चलनमा रहेको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,
३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,
४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

## ५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नुपर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै काम सक्न परियोजना सञ्चालन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,
२. महानगरपालिकाका साइट इन्जिनियर श्री जीवन रेग्मीले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने ।

## ६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय (आवश्यक भए उल्लेख गर्ने)

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

## ७ सरोकारवालाको धारणा, राय, सुझाव

अनुगमनका क्रममा परियोजनास्थलमा उपस्थित स्थानीय जनताको अनौपचारिक धारणा बुझ्दा परियोजनाका प्रति उनीहरुमा गहिरो अभिरुची रहेको पाइयो । वडा कार्यालय तथा वडाका

# Dry Riser Laying Works for Connecting Fire Fighters at Different Locations of KMC

जनप्रतिनिधिहरुले परियोजना कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्दै आएको र योजनाका प्रति उनीहरुले अपनत्वभाव प्रकट गर्दै जनताको जीउ धनको सुरक्षासँग जोडिएका यस प्रकारका योजनाहरु बढी भन्दा बढी मात्रामा तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको मध्यमबाट राहधानी शहरलाई सुरक्षित बसोवासयुक्त शहरमा रुपान्तरण गर्नुपर्ने सुझाव प्राप्त भएको छ ।

## ८ अनुगमनपछि दिइएका सुझावहरु

१. योजना सम्पन्न भइसकेका ठाउँहरुमा तत्काल प्रेशर टेष्ट गर्ने,

२. परियोजना सम्पन्न भए पछि pressure test गरेर मात्र परियोजना बुझिलिने ।

३. सम्पन्न परियोजनाको सावधिक रुपमा नियमित परिक्षण, मर्मत संभार गर्नका लागि सम्बन्धित विभागले कार्ययोजना तयार गरी सो बमोजिम निर्देशन दिने ।

## ९ अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फाराम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नाम थर, पद र हस्ताक्षर रहेको ।

## १० अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फाराम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## ११ अनुगमनको क्रममा लिइएका तस्विरहरु



# Construction of community Building of Humla Limi Samaj
# परियोजनाको अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ फागुन ५ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **Construction of community Building of Humla Limi Samaj KMC-06** नामक परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, सम्बन्धित विभागका विभागीय प्रमुख, महाशाखा प्रमुख सम्बन्धित कर्मचारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २ आयोजनाको परिचय

**Construction of community Building of Humla Limi Samaj KMC-06** नामक यो परियोजनाका लागि स्वीकृत लागत रू. २ करोड ९९ लाख १५ हजार ३ सय ९० रुपैयाँ ८० पैसा रहेको पाइयो । ठेक्का नं. ०३-०३-०८१-८२-NCBW-HTD-KMC को यो परियोजना कार्यान्वयनका लागि मिति २०८२ जेठ २३ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजना २०८३ जेठ २२ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । बोलपत्रको माध्यमबाट खरिद कार्य अगाडि बढाइएको यस परियोजनाको प्रतिष्पर्धा गर्दा रू. २ करोड ११ लाख ९० हजार ८ सय २० रुपैयाँ २ पैसा (भ्याट सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा भौतिक प्रगति २० प्रतिशत देखिन्छ । हुम्ला लिमि समाजको भवन निर्माण परियोजनाको सामाजिक तथा सांस्कृतिक रुपमा पनि विशेष महत्व रहेको छ ।हुम्लाबाट बसाइ सरी आएका शेर्पा जातिका मानिसहरुले आफ्नो सामाजिक बनावट र सांस्कृतिक कार्यक्रममार्फत आफ्नो पहिचान दिने आस्थाको धरोहरका रुपमा विकास गर्दै हुम्ला लिमि समाजमा करिब २०० घर परिवार आवद्ध रही यसको जन्म भएको पाइयो । सांस्कृतिक तथा सामाजिक एकतालाई विशेष महत्व दिने यस समाजको विशिष्ट पहिचान भएकोले समाजले आफ्नै बलबुताबाट चन्दा रकम संकलन गरी भवन निर्माणको लागि सम्बन्धित वडा कार्यालयमार्फत सहयोग माग भइ आएको पाइयो । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजना कार्यान्वयनको मुख्य जिम्मेवारीमा रहेको सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी र कागजातहरु माग गरी परियोजना सम्बन्धी अध्ययन गरियो । परियोजना सम्वद्ध कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको हो ।

# Construction of community Building of Humla Limi Samaj
# परियोजनाको अनुगमन प्रतिवेदन

स्थलगत अवलोकनका क्रममा परियोजना सम्वद्ध सरोकारवाला व्यक्ति तथा संस्थाको उपस्थिति रहेको र परियोजना सन्तोषजनक रुपमा अगाडि बढिरहेको पाइयो ।

## ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य भइरहेको,
३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य भइरहेको,
४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

## ५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नुपर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै काम सक्न परियोजना कार्यान्वयन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,
२. यस परियोजना कार्यान्वयनमा सम्बद्ध विभागका तोकिएका इन्जिनियरहरुले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने ।

## ६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

उक्त परियोजना कार्यान्वयनका लागि कुनै प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

## ७ सरोकारवालाको धारणा, राय, सुझाव

१ उक्त परियोजना कार्यान्वयनका लागि हाल महानगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराएको भएतापनि परियोजना सम्बद्ध भवन आरसिसि पक्की नभएकोले भवनको थप व्यवस्थितिकरण तथा सबलीकरणका लागि पुनः आवश्यक परेको अवस्थामा महानगरपालिकाले अपनत्व लिइदिनु पर्ने सुझाव प्राप्त भएको ।

२ परियोजना क्षेत्रका वरिपरी रहेका मन्दिर लगायतका संरचनाको विकासका लागि महानगरपालिकाबाट थप सहयोगको अपेक्षा रहेको ।

## ८ अनुगमन पछि दिइएका सुझावहरु

महानगरपालिकाको आर्थिक सहयोगमा बनेको हुम्ला लिमि समाजको साँस्कृतिक तथा सामाजिक एकताको प्रतिकको रुपमा बनाइएको भवनलाई हालकै अवस्थामा यसको अधिकतम उपयोग गर्ने ।

# Construction of community Building of Humla Limi Samaj
# परियोजनाको अनुगमन प्रतिवेदन

## ९ अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## १० अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## ११ अनुगमनको क्रममा लिइएका तस्विरहरु



# Construction of community Building of Humla Limi Samaj

## परियोजनाको अनुगमन प्रतिवेदन





# वटु गुगुंचा मन्दिर पुनः निर्माण परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८३ साल वैशाख १७ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **वटु गुगुंचा मन्दिर पुनः निर्माण** नामक परियोजनाको अनुगमन गरिएको हो । यो परियोजना काठमाडौं महानगरपालिका वडा नं २२ मा रहेको छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवाला समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

काठमाडौं महानगरपालिकाको भित्रि सहरमा पर्ने काठमाडौं महानगरपालिका वडा नं २२ को वटुस्थित वटु गुगुंचा मन्दिर १८ औं शताब्दीमा बनेको मन्दिर हो भन्ने भनाइ स्थानीयबासीको रहेको पाइयो । वटु गुगुंचा मन्दिरमा नवदुर्गाको मुर्ती राखी पूजा गरिदै आएको रहेछ । मन्दिर निकै वर्ष पुरानो भई जीर्ण अवस्थामा पुगेको हुनाले स्थानीयबासीको जानकारी तथा मागलाई मध्येनजर गरी मन्दिरलाई पुरै भत्काइ **वटु गुगुंचा मन्दिर पुनः निर्माण** योजना निर्माण तथा सोको लागि बजेट विनियोजन भइ कार्य भएको जानकारी पाइयो । उक्त मन्दिरको पुनर्निर्माण गर्दा पुरानै शैली र स्वरुपमा गर्ने गरी मन्दिरको Drawing Design भएको पाइयो । पुनर्निर्माण कार्य गर्दा मन्दिर भवनमा रहेको नवदुर्गाको मूर्तिलाई सोही स्थानमा नै राखी मूर्तिको प्राण प्रतिष्ठा त्यहाँ नजिकै रहेको वटु नाथेस्वर गुठी भवनमा राखी दैनिक पूजा आराधाना गर्दै आएको भन्ने जानकारी अनुगमनको क्रममा स्थानीयबासीबाट भयो । पुनर्निर्माण कार्य गर्दा मन्दिर टुँडालमा राखिएका तथा त्यहाँ प्रयोग भएका कलाकृतिहरु पुनःउपयोग हुन नसक्ने अवस्थामा रहेका, बिग्रेका तथा टूटेफूटेकालाई नयाँ काष्ठकलाको प्रयोगबाट नयाँ कलाकृतिहरु जस्तै मूर्तिका हात, तरबार आदिलाई नयाँ बनाई सोही स्थानमा जोडेर पुरानै स्वरुपका कलाकृतिहरु तयार गरिएको जानकारी परियोजनाको लागि तोकिएका साइट इन्जिनियरबाट भयो ।

**वटु गुगुंचा मन्दिर पुनः निर्माण** नामक यो परियोजनाका लागि कुल लागत अनुमान ७५ लाख ६५ हजार २ सय ०९ रुपैयाँ ५२ पैसा(भ्याट र ओभरहेड बाहेक, पिएस सहित) रहेको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२/०२/२७ रहेको र उक्त परियोजना २०८३/०२/३१ मा सम्पन्न गरिसक्नु पर्ने गरी २०८२/०२/२७ गते कार्यदेश दिएको पाइयो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ४९ लाख भुक्तानी भैसकेको देखिन्छ । उक्त परियोजनाको अनुगमन गरिएको मितिसम्म वित्तीय प्रगति ६६% र भौतिक प्रगति ८५% देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

# वटु गुगुंचा मन्दिर पुनः निर्माण परियोजनाको अनुगमन प्रतिवेदन

अनुगमन गर्नु पूर्व परियोजनाका बारेमा परियोजना कार्यान्वियनसँग सम्बन्धित विभाग सम्पदा तथा पर्यटन विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धित कागजात अध्ययन गरियो । सम्बन्धित कागजातको अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको हो । अनुगमन कार्यमा आवश्यकतानुसार अवलोकन विधि, अन्तरसंवाद विधि तथा प्रश्नोत्तर विधिको प्रयोग गरिएको थियो ।

**४. अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. योजना कुनै वाधा अड्चन विना सञ्चालनमा रहेको,

२. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,

३. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

मन्दिर टुँडालमा राखिएका तथा त्यहाँ प्रयोग भएका कलाकृतिहरु पुन:उपयोग हुन नसक्ने अवस्थामा रहेका, बिग्रेका तथा टूटेफूटेकालाई नयाँ काष्ठकलाको प्रयोगबाट नयाँ कलाकृतिहरु जस्तै मूर्तिका हात, तरबार आदिलाई नयाँ बनाई सोही स्थानमा जोड्दा पुरानै स्वरुपका कलाकृतिहरु तयार गरि कलाकृतिको पूर्ण आकार आउने गरी गर्ने ।

**६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७. सरोकारवालाको धारणा, राय, सुझाव**

वटु गुगुंचा मन्दिरको पुनः निर्माण कार्य गर्दा मन्दिरमा रहेका नवदुर्गा लगायतका मूर्तिहरु नजिकै रहेको वटु नाथेस्वोर गूठीमा सुरक्षितका साथ राखिएमा पुनर्निर्माण कार्य सम्पन्न भएपछि सोही मूर्तीहरुलाई धार्मिक विधि अनुसार क्षमा पूजा लगायतका कार्य सम्पादन गरी मन्दिरमा राखिने भन्ने सरोकारवालाको धारणा रहेको ।

**८. अनुगमन पछि दिइएका सुझावहरु**

१. वटु गुगुंचा मन्दिर कति सालमा बनेको हो, त्यसको पुनर्निर्माण कहिले गरियो र पुनर्निर्माण गर्दा कलाकृति लगायतका कुन कुन स्थान र भागमा र के के नयाँ कलाकृति थपियो भन्ने विषय पछाडिको पुस्ताले पनि सहजै जानकारी लिन र स्पष्ट वुझ्न सक्ने गरी सम्वन्धित इन्जिनियरले अभिलेखबद्ध गरी विभागमा जानकारी गराउने ।

२. परियोजनाको निर्माण कार्यमा गुणस्तर कायम गर्दै निर्धारित समयमा कार्य सम्पन्न गर्न सम्वन्धित विभाग र साइट इन्जिनियरले निरन्तर सुपरिवेक्षण गरी निर्माण व्यवसायीलाई काममा लगाउनु पर्ने ।

**९. अनुगमन टोलीको नाम र हस्ताक्षर**

# वटु गुगुंचा मन्दिर पुनः निर्माण परियोजनाको अनुगमन प्रतिवेदन

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## १०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको छ।११.अनुगमनको क्रममा लिइएका तस्विरहरु



# वटु गुगुंचा मन्दिर पुनः निर्माण परियोजनाको अनुगमन प्रतिवेदन









# Construction of Buddha Samaj Kendra Bhawan
# परियोजनाको अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल फागुन ५ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **Construction of Buddha Samaj Kendra Bhawan** नामक परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, सम्बन्धित विभागका विभागीय प्रमुख, महाशाखा प्रमुख सम्बन्धित कर्मचारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २ आयोजनाको परिचय

**Construction of Buddha Samaj Kendra Bhawan** नामक यो परियोजनाका लागि स्वीकृत लागत रू. २ करोड ४९ लाख ६० हजार ८ सय ५२ रुपैयाँ ४४ पैसा (भ्याट र पिएस समेत) लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो ।

ठेक्का नं. २७-११९-NCBW-०७९-०८०-PWD-KMC को यो ठेक्का मिति २०८० कात्तिक १५ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८० कात्तिक १५ रहेको र उक्त परियोजना २०८३ असार मसान्तसम्म सम्पन्न गरिसक्नु पर्ने गरी म्याद थप पेस भएको देखिन्छ । योजनाको सम्झौता रकम रू २ करोड ४९ लाख ६० हजार ८ सय ५२ रुपैयाँ ४४ पैसा (भ्याट र पिएस समेत) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरेको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाको वित्तिय प्रगति हेर्ने हो भने ८५ % र भौतिक प्रगति ८५ % देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययन पछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । परियोजना सन्तोषजनक रुपमा अगाडि बढिरहेको पाइयो । योजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भएको पाइयो।

## ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै बाधा अड्चन विना सञ्चलनमा रहेको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिमनै कार्य भइरहेको,

## Construction of Buddha Samaj Kendra Bhawan
## परियोजनाको अनुगमन प्रतिवेदन

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नुपर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै काम सक्न परियोजना कार्यान्वयन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,

२. महानगरपालिकाका साइट इन्जिनियर श्री प्रेम बहादुर श्रेष्ठले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने ।

**६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

उक्त परियोजना कार्यान्वयनका लागि कुनै प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७ सरोकारवालाको धारणा, राय, सुझाव**

उक्त परियोजना कार्यान्वयनका लागि हाल महानगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराएको मा आभार व्यक्त गरी महानगरपालिकाले आगामी दिनमा पनि यस्ता खालका सहयोग गरोस् भन्ने अपेक्षा रहेको ।

**८ अनुगमन पछि दिइएका सुझावहरु**

महानगरपालिकाको आर्थिक सहयोगमा बनेको बौद्ध समाज केन्द्र भवन साँस्कृतिक तथा सामाजिक एकताको प्रतिकको रुपमा बनाइएकोले यस भवनलाई समाजले अधिकतम उपयोग गर्ने ।

**९ अनुगमन टोलीको नाम र हस्ताक्षर**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**१० अनुगमनको क्रममा उपस्थितको नाम सूची**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**Construction of Buddha Samaj Kendra Bhawan**

परियोजनाको अनुगमन प्रतिवेदन



# Construction of Buddha Samaj Kendra Bhawan
## परियोजनाको अनुगमन प्रतिवेदन



# Construction of Pachali Bhairav Bhyoe Chhen
# परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल चैत्र १९ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **Construction of Pachali Bhairav Bhyoe Chhen KMC-12** नामक परियोजनाको अनुगमन गरिएको हो । यो परियोजना काठमाडौं महानगरपालिका वडा नं १२ मा रहेको छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

**Construction of Pachali Bhairav Bhyoe Chhen KMC-12** नामक यो परियोजनाका लागि कुल लागत अनुमान ४ करोड ३६ लाख ५६ हजार ९६ रुपैयाँ ७ पैसा रहेको पाइयो । यस परियोजनाको ठेक्का नं. **12-14-081-082-NCBW-HTD-KMC** रहेको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२/१०/१४ रहेको र उक्त परियोजना २०८३ मंसिर ३० मा सम्पन्न गरिसक्नु पर्ने गरी २०८२ पौष ०९ गते कार्यादेश दिएको पाइयो । ४ करोड ३६ लाख ५६ हजार ९६ रुपैयाँ ७ पैसाको कुल लागत अनुमान भए तापनि प्रतिष्पर्धा गर्दा ३ करोड ७१ लाख ७ हजार ६ सय ६५ रुपैयाँ ६१ पैसामा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ३०,००,०००/०० भुक्तानी भैसकेको देखिन्छ ।चालु परियोजनाको हालसम्म वित्तीय प्रगति १०% र भौतिक प्रगति ५% देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययन पछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको ।

## ४. अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै वाधा अड्चन विना सञ्चलनमा रहेको,

# Construction of Pachali Bhairav Bhyoe Chhen
# परियोजनाको अनुगमन प्रतिवेदन

२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification मा सामान्य परिवर्तन भई कार्य भइरहेको,

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

## ५. अनुगमका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

आयोजनाको भर्खरै मात्र काम सुरू भएको कारणले थप सुधार हाल भन्नुपर्ने नदेखिएको।

## ६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

## ७. सरोकारवालाको धारणा, राय, सुझाव

पंचली भैरव मन्दिर परिसरका अन्य संरचना समेत सम्पदामैत्री र परम्परा झल्किने खालका मात्र निर्माण गरी सौंदर्यीकरणमा अभिवृद्धि गर्ने र ऐतिहासिकताको प्रवर्दन तथा संरक्षण गर्न आवश्यक देखिएको।

## ८. अनुगमन पछि दिइएका सुझावहरु

१. भवन परिसरमा शौचालय बनाउन आवश्यक देखिएको हुँदा २ पुरुष, २ महिला र १ अपाङ्गतामैत्री शौचालय निर्माण गर्न आवश्यक प्रक्रिया पूरा गरी कार्य गर्ने ।

२. भवन नजिकै रहेको अस्थाई संरचनाले नयाँ बन्ने भवनको सुन्दरता घटाउने हुँदा उक्त भवनलाई यथासम्भव सौन्दर्यीकरणका लागि ध्यान दिने ।

## ९. अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## १०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको छ

# Construction of Pachali Bhairav Bhyoe Chhen
# परियोजनाको अनुगमन प्रतिवेदन

११. तस्वीरहरुः



# Construction of Pachali Bhairav Bhyoe Chhen

## परियोजनाको अनुगमन प्रतिवेदन



# Beautification and Maintenance of Kamal Pokhari (Phase II)
# परियोजनाको अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ माघ २३ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **Beautification and Maintenance of Kamal Pokhari (Phase II)** परियोजना अन्तर्गत कमलपोखरीलाई परम्परागत, सांस्कृतिक र पर्यटकीय पोखरीका रुपमा विकास गर्ने गुरुयोजना अनुरुप कमलपोखरीको पार्क र फेन्सिङ् निर्माण गर्ने कार्यको अनुगमन गरिएको हो । काठमाडौंको केन्द्रीय भागमा रहेको कमलपोखरीलाई एक महत्वपूर्ण ऐतिहासिक पर्यटकीय स्थलको रुपमा समेत लिने गरेको पाइन्छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, सम्बन्धित विभागका विभागीय प्रमुख, महाशाखा प्रमुख सम्बन्धित कर्मचारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २ आयोजनाको परिचय

करिब २३ रोपनी क्षेत्रफलमा फैलिएको कमलपोखरीको **पार्क र Fencing निर्माण** कार्यका लागि स्वीकृत लागत ४ करोड ६ लाख ८१ हजार ८० रुपैयाँ १४ पैसा (भ्याट र पिएस सहित) रहेको पाइयो । ठेक्का नं. २०-५४-NCBW-०८०-०८१-PWD-KMC को यो ठेक्का मिति २०८१ भदौ १९ गते कार्यदेश दिएको पाइयो । हाल सार्वजनिक निर्माण विभागमार्फत चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य सुरु मिति २०८१ भदौ १९ रहेको र उक्त परियोजना २०८२ मंसिर १५ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । ४ करोड ६ लाख ८१ हजार ८० रुपैयाँ १४ पैसा (भ्याट र पिएस सहित) को लागत स्वीकृत भए तापनि सार्वजनिक खरिद प्रक्रिया बमोजिम प्रतिष्पर्धा गर्दा छनोट भएका निर्माण व्यवसायीसँग ३ करोड ५८ लाख ८७ हजार ५२ रुपैयाँ ७७ पैसा (भ्याट र पिएस सहित) मा परियोजना सम्पन्न गर्ने गरी संझौता गरेको देखियो।

अनुगमन गरिएको मितिसम्म ३ करोड ४ लाख ४३ हजार २ सय ९८ रुपैयाँ ८३ पैसा (भ्याट र पिएस सहित) भुक्तानी भैसकेको र अन्तिम बिल भुक्तानी हुन बाँकी रहेको पाइयो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाको भौतिक प्रगति १००% र वित्तिय प्रगति भने ८४.८३% देखिन्छ । अनुगमनको क्रममा कमलपोखरीको वरिपरि पैदल मार्ग रहेको पाइयो भने चिल्ड्रेन पार्क, मकराकृतिका ढुंगेधारा, अपाङ्गमैत्री शौचालय, खुला व्यायामशाला र उद्यान कमलपोखरीका विशेषता रहेको देखियो । पोखरीका चार ओटा हरेक कुनामा आकर्षक र संस्कृति झल्किने मण्डपका साथसाथै पूर्वतिर मुलढोकासँगै एउटा ठूलो पोखरी वरिपरि ५ वटा मण्डपले यस कमलपोखरीको सौन्दयर्ता अझै बढाएको देखियो । पोखरी छिर्ने गेटलाई परम्परागत नेपाली शैलीको र पोखरी निर्माण गर्दा नेपाली इट्टा र दर्शन ढुङ्गा प्रयोग गरिएको पाइयो। उक्त परियोजना सम्बन्धित वडा कार्यालयको मागबमोजिम योजना तर्जुमा गरिएको

हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय सरोकारवालासँगको समन्वयमा कार्य जारी रहेको पाइयो ।

**३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा**

अनुगमन गर्नुपूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । यो परियोजनालाई बहुउपयोगी रुपमा प्रयोग गर्न उपयुक्त हुने देखिन्छ ।

**४ अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. योजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,

२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५ अनुगमनको क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

पोखरीको परिसरमा भूईं ओच्छ्याइएका तथा पर्खालमा प्रयोग गरिएका ढुंगाहरु हल्लिएका, छिटफुट टुटेफुटेका, जमिन सतहमा समथर भइ नमिलेको देखिएकोले सोलाई पूर्ण रुपमा मर्मत तथा निर्माण गरेपछि मात्र काठमाडौं महानगरपालिकालाई हस्तान्तरण गरिनुपर्ने ।

**६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७ सरोकारवालाको धारणा, राय, सुझाव**

१ कमलपोखरी र यसको परिसरको सुरक्षाको लागि आवश्यकताबमोजिम सिसि क्यामरा महानगरपालिकाले नै व्यवस्था गर्नुपर्ने ।

२ पोखरीमा सदाबहार रुपमा पानीको सतह एकैनाशको कायम रहिरहने व्यवस्था मिलाउनु पर्ने ।

३ पोखरीको नामकरण नै कमल फूलको नामबाट भएको हुँदा यहाँ कमलको प्राकृतिक फूल लगाउँदा यसको परम्परागत संस्कृति मूल्य मान्यताको संरक्षण हुनुको साथै सौन्दर्यीकरणमा समेत बढोत्तरी हुने ।

# Beautification and Maintenance of Kamal Pokhari (Phase II)
## परियोजनाको अनुगमन प्रतिवेदन

४ पोखरीमा रहेका जलचर जलजीवहरु माछा लगायतको संरक्षण सम्वर्धनमा प्राथमिकता दिइनुपर्ने ।

**८ अनुगमनपछि दिइएका सुझावहरु**

१ पोखरीमा सदाबहार रुपमा पानीको सतह एकैनाशको कायम रहिरहने व्यवस्थाका लागि मेलम्ची खानेपानी आयोजनासँग सार्वजनिक विभागमार्फत समन्वयको कार्य अगाडि बढाउने ।

२ कमल पोखरी पार्कको नाम रञ्जना लिपिमा लेख्न सार्वजनिक निर्माण विभागले आवश्यक कार्य अगाडि बढाउने ।

३ पार्कमा सदावहार सरसफाइ र हरियाली कायम राख्ने कार्यमा सार्वजनिक निर्माण विभाग वातावरण व्यवस्थापन विभाग र उद्दान तथा हरियाली प्रवर्द्धन आयोजनाका बिचमा समन्वय गरेर गर्न निर्देशन दिने ।

**९ अनुगमन टोलीको नाम र हस्ताक्षर** अनुगमन फारम ढाँचा –१ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**१० अनुगमनको क्रममा उपस्थित टोलीको सुची** अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**११ अनुगमनको क्रममा खिचिएका तस्विरहरु**



# Beautification and Maintenance of Kamal Pokhari (Phase II)
## परियोजनाको अनुगमन प्रतिवेदन





# बागदरबारको रेट्रोफिटिङ्ग कार्यको
# अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ माघ २३ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा "Retrofitting Works of Bagdarbar" अन्तर्गत Strengthening the existing structure by improving the foundation, reinforcing masonry walls, repair and conservation works परियोजनाको अनुगमन गरिएको हो ।अनुगमन कार्यमा अनुगमन समितिका पदाधिकारीहरु, सहरी योजना आयोगका उपाध्यक्ष सम्बन्धित विभागका विभागीय प्रमुख, महाशाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरुको संलग्नता रहेको थियो ।

## २ आयोजनाको परिचय

बागदरबार काठमाडौंको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक महत्व भएको संरचना हो। काठमाडौं महानगरपालिकाको ११ नं वडाअन्तर्गत पर्ने यो संरचनाको नामबाट नै यस ठाँउलाई संवोधन गर्दै आएको पाइन्छ । बागदरबारको इतिहास, वास्तुकला तथा सांस्कृतिक महत्वले यसलाई विशेष महत्वका साथ हेर्ने गरिन्छ । यसको निर्माण शाहवंश कालमा भएको अध्ययनहरुबाट थाहा पाउन सकिन्छ । विशिष्ट मौलिकता भएको पुरातात्विक निधि बागदरबारलाई हरिभवनका नामले समेत संवोधन गर्ने गरेको पाइन्छ । नेपाल सरकारको स्वामित्व/नाममा रहेको बागदरबार र यसको परिसरलाई काठमाडौं महानगरपालिकाको कार्यालयले उपभोग/उपयोग गर्ने अधिकार प्राप्त गरेपश्चात काठमाडौं महानगरपालिकाको केन्द्रीय कार्यालयको सञ्चालन यही दरबारबाट हुँदै आएको पाइन्छ । सम्वत् २०७२ वैशाख १२ गतेको विनासकारी महाभूकम्पले ऐतिहासिक सम्पदाको रुपमा रहेको यस दरबारलाई ध्वस्त बनायो । नेपालकै ऐतिहासिक महत्वको विशिष्ट भवन भएकाले पनि यसको निर्माण, पुनर्निर्माण वा रेट्रोफिटिङ्ग के गर्ने, कसरी र कस्ले गर्ने भन्ने विषय सार्वजनिक चासोको विषय बन्दै गर्दा भूकम्प गएको करिब १२ वर्षपछि मात्र यसको रेट्रोफिटिङ्ग गर्ने कार्य काठमाडौं महानगरपालिकाअन्तर्गतको सार्वजनिक निर्माण विभागबाट सुरु भएको छ । यसको परिसरमा महानगरपालिकाअन्तर्गतको ११ नं वडा कार्यालयको भवन निर्माण भई तहाँबाट नै सेवा प्रवाह कार्य सुरु भै सकेको छ ।

बागदरबारको रेट्रोफिटिङ्ग कार्यका लागि स्वीकृत लागत रू. ७४ करोड ४७ लाख ३९ हजार ४ सय ४३ रुपैयाँ १३ पैसा (भ्याट पिएस र कन्टिजेन्सी सहित) लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो भने सार्वजनिक खरिद प्रक्रियाबाट आएको निर्माण पक्षसँग ४२ करोड ९० लाख १४ हजार ३१० रुपैयाँ ८८ पैसा (भ्याट र पिएस सहित) मा सम्झौता भएको पाइयो । ठेक्का नं. ०३१-४५-०८१-०८२-NCBW-KMC को यो ठेक्का मिति २०८२ मंसिर १५ गते कार्यदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ मंसिर १५ रहेको र उक्त परियोजना २०८४ मंसिर १५ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । बहुवर्षे योजनाअन्तर्गत चालु आ.व. को लागि विनियोजित बजेट ३० करोड रहेको पाइयो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाको भौतिक प्रगति ५% देखिन्छ । परियोजना कार्यान्वयन सम्बन्धमा स्थानीय लाभग्राहीसँग /वडा जनप्रतिनिधिको रोहबरमा छलफल भएको हुँदा कार्यान्वयनको

चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनता तथा सरोकारवालाहरुसँगको समन्वयमा काम जारी रहेको पाइयो ।

### ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धित कागजात समेत अध्ययन गरियो । सम्बन्धित कागजातको अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो ।

### ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,

२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य भइरहेको,

३. निर्माण व्यवसायीबाट रेट्रोफिटिङ्ग कार्य निर्धारित समयसीमा अगावै सम्पन्न गर्ने गरी कार्य भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

### ५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष

१ बागदरबारका केही कोठाहरुमा महानगर प्रहरी बलको कार्यालय सञ्चालनमा रहेको र केही कोठाहरुमा महानगरपालिकाको कार्यालयका मिसिल कागजात तथा पुराना फर्निचरहरु रहेकाले रेट्रोफिटिङ्ग कार्यलाई अगाडि बढाउन सहजता नभएको देखिएको हुँदा सोको आवश्यक व्यवस्थापनका लागि सार्वजनिक निर्माण विभागले पहल गर्नुपर्ने ।

२ बागदरबारको रेट्रोफिटिङ्ग गर्दाको क्रममा उक्त संरचनाको जगमा बिम नरहने गरी ड्इङ्ग डिजाइन भई कार्यदिश समेत दिइ सकेको अवस्थामा अनुगमनको क्रममा जगमा बिम राख्दा संरचनाको मजबुतीका लागि बिम राख्दा उपयुक्त हुने सुझाव प्राप्त भएको हुँदा सो विषयमा महानगरपालिकाको सहरी योजना आयोग र सार्वजनिक निर्माण विभागले छलफल गरी निक्र्योल गर्ने।

### ६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

### ७ सरोकारवालाको धारणा, राय, सुझाव

१ बागदरबारको संरचनामा प्रयोग भएका पुरातात्विक महत्वका ऐतिहासिक सामग्रीहरु रेक्टोफिटिङ्गको क्रममा यथोचित रुपमा प्रयोग गर्नुपर्ने ।

२ रेक्टोफिटिङ्गको क्रममा सम्बन्धित निकाय संस्था र सरोकारवालासँग आवश्यक समन्वय गरेर कार्य गर्नुपर्ने ।

३ बागदरबारको मौलिक विशिष्टता कायम राख्न निर्माण सामग्रीको गुणस्तरको सुनिश्चतता कायम गर्ने ।

# बागदरबारको रेट्रोफिटिङ्ग कार्यको
# अनुगमन प्रतिवेदन

४ बागदरबार परिसरमा थप संरचना निर्माणको लागि सम्भाव्यता अध्ययन गरेर मात्र गर्नुपर्ने ।

**८ अनुगमन पछि दिइएका सुझाव**

१ बागदरबारको रेट्रोफिटिङ्ग गर्दा मौलिकता र संरचनागत बलियोपनालाई निर्माण कार्यको प्रारम्भदेखिका हरेक प्रक्रियामा सार्वजनिक निर्माण विभागले निगरानी गर्ने ।

२ रेक्टोफिटिङ्ग कार्यमा प्रयोग भएका सामग्रीहरुको गुणस्तर सुनिश्चितताका लागि आवश्यकतानुसार प्रयोगशाला परीक्षण गर्ने ।

**९ अनुगमन टोलीको नाम र हस्ताक्षर**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**१० अनुगमनको क्रममा उपस्थितको नाम सूची**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

११ तस्विरहरु



# बागदरबारको रेट्रोफिटिङ्ग कार्यको
# अनुगमन प्रतिवेदन






काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्यांकन समितिको मिति २०८०/१०/२२ गतेको बैठकबाट स्वीकृत

# वडा नं. ३२ कार्यालय भवन निर्माण कार्य
# परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ चैत्र २७ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा वडा नं. ३२ कार्यालय भवन निर्माण कार्य परियोजनाको अनुगमन गरिएको हो । यो परियोजना वडा नम्बर ३२ मा रहेको छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु र परियोजनासँग सम्बन्धित सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

काठमाडौं महानगरपालिका अन्तर्गतको हाल सेवा प्रवाह भैरहेको भवनबाट व्यवस्थित एवम् प्रभावकारी रुपमा सेवा प्रवाह गर्न समस्या भएकोले वडाबासीको सेवा प्राप्तिको सन्तुष्टी एवम् वडा कार्यालयको अवस्थालाई ध्यानमा राखी वडा कार्यालय भवन निर्माण कार्य छलफल पश्चात यो परियोजनाको विषय सुरुवात भएको पाइयो । महानगरबासीलाई आफ्नै भवनबाट सहज, व्यवस्थित एवम् प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने मुख्य उद्धेश्यका साथ ३२ नम्बर वडा कार्यालयको भवन निर्माण परियोजना सञ्चालन भएको हो । यस परियोजना निर्माण कार्यका लागि स्वीकृत लागत रू. २० करोड २९ लाख ११ हजार ५ सय ७ रुपैयाँ ३८ पैसा (भ्याट र पिएस कन्टिजेन्सी सहित) रहेको पाइयो भने सार्वजनिक खरिद प्रक्रियाबाट छनोट भएको निर्माण व्यवसायीसँग ३ करोड ५८ लाख ८७ हजार ५२ रुपैयाँ ७७ पैसा (भ्याट र पिएस सहित) मा सम्झौता भएको पाइयो । ठेक्का नं. ०४-०७-०८२-०८३-NCBW-PWD-KMC को यो परियोजनाको निर्माण कार्यका लागि २०८२ माघ ११ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ माघ ११ रहेको र उक्त परियोजना २०८३ चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नु पर्ने गरी कार्य गर्नुपर्ने देखिन्छ ।अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाको भौतिक प्रगति ५% देखिन्छ । परियोजना कार्यान्वयन सम्बन्धमा स्थानीय लाभग्राहीसँग/ वडा जनप्रतिनिधिको रोहबरमा छलफल भएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनता तथा सरोकारवालाहरुसँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सम्बन्धित विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धित कागजात समेत अध्ययन गरियो । सम्बन्धित कागजातको अध्ययनपछि अनुगमन समितिका बीच छलफल गरी परियोजना निर्माणस्थलको अवलोकन गरियो ।

काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्यांकन समितिको मिति २०८०/१०/२२ गतेको बैठकबाट स्वीकृत

# वडा नं. ३२ कार्यालय भवन निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन

**४. अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. परियोजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,

२. परियोजना तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य भइरहेको,

३. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष**

१ अनुगमनका क्रममा तत्काल सुधार गर्नुपर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै निर्धारित समयमा परियोजना सम्पन्न गर्न सम्बन्धित विभागले निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,

२ महानगरपालिकाका तोकिएका साइट इन्जिनियर श्री प्रेम बहादुर श्रेष्ठले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्नुपर्ने ।

**६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७. सरोकारवालाको धारणा, राय, सुझाव**

परिवर्तित सन्दर्भमा वडा कार्यालयको कार्य विस्तार हुने सम्भावनालाई मध्यनजर गरी सम्पूर्ण सेवाको सहज प्रवाह हुने गरी संरचनालाई पर्याप्त आकार र कोठाको व्यवस्था हुने सुनिश्चितताका साथ डिजाइन भएको हुनुपर्ने । वडा कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको चाप धान्न सक्ने र सहज सेवा प्रवाह हुने गरी आन्तरिक विभाजन भएको हुनुपर्ने

**८. अनुगमन पछि दिइएका सुझाव**

काठमाडौं महानगरपालिकाका साइट इन्जिनियर श्री प्रेम बहादुर श्रेष्ठले निर्माण कार्यको नियमित निरीक्षण गरी परियोजनाको गुणस्तरियता कायम गर्दै निर्धारित समयमा भवन निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने ।

**९. अनुगमन टोलीको नाम र हस्ताक्षर**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्यांकन समितिको मिति २०८०/१०/२२ गतेको बैठकबाट स्वीकृत

# वडा नं. ३२ कार्यालय भवन निर्माण कार्य
# परियोजनाको अनुगमन प्रतिवेदन

## १०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## ११. अनुगमनको क्रममा लिइएका तस्विरहरु



काठमाडौं महानगरपालिका अनुगमन तथा मूल्यांकन समितिको मिति २०८०/१०/२२ गतेको बैठकबाट स्वीकृत

# वडा नं. ३२ कार्यालय भवन निर्माण कार्य
# परियोजनाको अनुगमन प्रतिवेदन



# Stone Paving works at Jamal-Asan-Indrachowk
# परियोजनाको अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल मंसिर ११ गतेका दिन काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलज्यूको नेतृत्वमा Stone Paving works at Jamal-Asan-Indrachowk परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा प्रमुख प्रशासकीय अधिकृत श्री सरोज गुरागाइँ लगायत २० नं. वडा अध्यक्ष श्री राजेन्द्र मानन्धर, वडा सदस्य श्री कन्चना नेपाली, सम्बन्धित विभागका विभागीय प्रमुख तथा महाशाखा प्रमुखहरु, सम्बन्धित कर्मचारीहरु तथा यस परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) को संलग्नता रहेको थियो ।

## २ आयोजनाको परिचय

Stone Paving works at Jamal-Asan-Indrachowk नामक यो परियोजना अन्तर्गत परियोजना स्थलमा ढुङ्गा छाप्ने कार्य हुनेछ । उक्त कार्यका लागि जम्मा ३ करोड ५२ लाख १६ हजार ४ सय ६० रुपैंया ९ पैसा लागत (भ्याट सहित) मा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो । काठमाडौं महानगरपालिकाभित्र पर्ने जमल रोडदेखि असन रोड हुँदै इन्द्रचोकसम्मको Stone Paving गर्ने कार्य भइरहेको पाइयो । काठमाडौंको भित्री शहरको रुपमा चिनिने यी विशेष ठाँउहरुको पहिचान अझैं प्रष्टसँग झल्काउन र सर्वसाधारणको लागि पैदल यात्रीको आवतजावत सहजीकरणको लागि Stone Paving को कार्य हुने देखिन्छ ।

ठेक्का नं. १४-४६-NCBW-०८०-०८१-PWD-KMC को यो ठेक्का कार्यान्वयनका लागि I.S. Nirman Sewa, नुवाकोटलाई मिति २०८२ असार २४ गते कार्यादेश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ असार २४ गते रहेको र उक्त परियोजना २०८२ असोज ३१ (म्याद थप) गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ ।

३ करोड ५२ लाख १६ हजार ४ सय ६० रुपैंया ९ पैसा लागत (भ्याट सहित) को स्वीकृत लागत भए तापनि प्रतिष्पर्धा गर्दा ३ करोड ५२ लाख १६ हजार ४ सय ६० रुपैंया ९३ पैसामा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ३ करोड १७ लाख १६ हजार ८ सय ७३ रुपैंया ४२ पैसा (भ्याट समेत) भुक्तानी भैसकेको र यसबाट

Stone Paving works at Jamal-Asan-Indrachowk

## परियोजनाको अनुगमन प्रतिवेदन

हालसम्म ९०% वित्तीय र ९२ % भौतिक प्रगति हासिल भएको देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

### ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नुपूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजनासम्बन्धी कागजात समेत अध्ययन गरियो। कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । परियोजना सञ्चालन भएको क्षेत्रका स्थानीय वासिन्दासँग परियोजनाको सम्भावित उपलब्धिका बारेमा सोधपुछ गरी परियोजनाका प्रति नागरिकहरुको रुची पहिचान गर्ने प्रयत्न गर्दा उल्लिखित योजनाहरु प्रति सम्बन्धित क्षेत्रका नागरिकहरुमा सकारात्मक एवं सहयोगात्मक अभिरुची रहेको पाइयो ।

### ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै वाधा अड्चन विना सञ्चालनमा रहेको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,
३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी नयाँ कार्य तालिका बनाउन आदेश दिइ कार्य भइरहेको,
४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

### ५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नुपर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै कार्य सम्पन्न गर्न परियोजना सञ्चालन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने ।
२. महानगरपालिकाका साइट इन्जिनियर श्री राजु आचार्यले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने ।

### ६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय (आवश्यक भए उल्लेख गर्ने)

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

Stone Paving works at Jamal-Asan-Indrachowk

# परियोजनाको अनुगमन प्रतिवेदन

## ७ सरोकारवालाको धारणा, राय, सुझाव

अनुगमनका क्रममा परियोजनास्थलमा उपस्थित स्थानीय जनताको अनौपचारिक धारणा बुझ्दा परियोजनाका प्रति उनीहरुमा गहिरो अभिरुची रहेको पाइयो । परियोजनाको कार्य अघि बढ्दै गर्दा वातावरण संरक्षण हुने गरि योजना तर्जुमा हुनुपर्ने कुरामा विशेष रुची पनि देखियो । वडा कार्यालय तथा वडाका जनप्रतिनिधिहरुले परियोजना कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्दै आएको र योजनाका प्रति उनीहरुले अपनत्व भाव प्रकट गर्दै पैदल यात्रीहरुको आवत जावतको सहजीकरणसँग जोडिएका यस प्रकारका योजनाहरु बढीभन्दा बढी मात्रामा तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको मध्यमबाट यस महानगरपालिकाको भित्री सडकहरुलाई बसोवासयुक्त शहरमा रुपान्तरण गर्नु पर्ने सुझाव प्राप्त भएको छ ।

## ८ अनुगमन पछि दिइएका सुझावहरु

१. भोटाहिटि क्षेत्रमा ढुङ्गा छाप्दा जमिन सतहमा Slop नमिलि अग्लो होचो भएर पैदल यात्रीलाई असहज भएको देखिएको र स्थानीय बासिन्दाको गुनासो समेत आएकोले यस परियोजना अन्तर्गतका त्यस्ता स्थानहरुमा तत्काल सुधार गर्न निर्देशन दिइएको ।

२. परियोजना अन्तर्गतका विभिन्न ठाँउहरुमा जमिनमुनीको पानी पुनर्भरणका लागि उपयुक्त स्थानको पहिचान गरी पानी पुनर्भरण हुने व्यवस्था मिलाउने ।

## ९ अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## १० अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## ११ तस्बीरहरु:

# Stone Paving works at Jamal-Asan-Indrachowk

## परियोजनाको अनुगमन प्रतिवेदन





# खुल्लामञ्चमा घाँसे मैदान निर्माण गर्ने परियोजनाको अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल पुस ९ गतेका दिन काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलज्यूको नेतृत्वमा **Maintenance and upgrading of sports infrastructure in different places of kathmandu city** अन्तर्गत खुल्लामञ्चमा घाँसे मैदान निर्माण गर्ने परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा प्रमुख प्रशासकीय अधिकृत श्री सरोज गुरागाईंज्यू लगायत समितिका सदस्यहरु, सम्बन्धित विभागका विभागीय प्रमुखहरु, कर्मचारीहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) लगायतको संलग्नता रहेको थियो ।

## २ आयोजनाको परिचय

प्राकृतिक दुबोसहितको घाँसे चउर बनाइएको यस परियोजना अन्तर्गत खुलामञ्चमा सतहको जमिन मिलाएर मलिलो माटो राखेपछि १४ हजार ६ सय वर्गमिटर क्षेत्रफलमा प्राकृतिक दुबो रोपिएको पाइयो । सहरका विभिन्न ठाउँका पैदल मार्ग स्तरोन्नति गर्दा निकालिएका हेक्जागोनल ब्लकहरु ल्याएर यस ठाउँको पैदल मार्ग बनाउन पुनःप्रयोग गरिएको पाइयो । उक्त कार्यका लागि स्वीकृत लागत रू. ६ करोड ९८ लाख ७० हजार ३ सय १५ रुपैयाँ लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो । खुलामञ्चलाई अझै आकर्षक बनाउन चउरको वरिपरि ४ मिटर चौडाइको पैदल बनाइएको पाइयो । उक्त पैदलमा विहान शारीरिक अभ्यास गर्न, वालबालिकाहरुका लागि स्वतन्त्र खेल्न, पाका उमेरका व्यक्तिहरुका लागि टहल्न, आराम गर्न र सहरी जीवन नियाल्न सकिने ठाउँका रुपमा उपयोग हुने देखियो । यो क्षेत्र मर्निङ् वाकका लागि उपयुक्त मार्ग हुने र युवाहरुलाई खेल प्रशिक्षण गर्ने तथा रमाउने ठाउँको लागि पनि उपयुक्त हुने देखियो ।

सार्वजनिक निर्माण विभाग अन्तर्गत रहेको यो परियोजना ठेक्का नं. ०६-२२-NCBW--०८०-८१-PWD-KMC को यो ठेक्का मिति २०८० फागुन २४ गते कार्यादेश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८० फागुन २४ गते रहेको र उक्त परियोजना २०८१ असोज १३ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । ६ करोड ९८ लाख ७० हजार ३ सय १५ रुपैया स्वीकृत लागत (भ्याट सहित) को स्वीकृत लागत भएता पनि प्रतिष्पर्धा गर्दा ६ करोड १ लाख ९६ हजार ४ सय १४ रुपैया ७६ पैसा मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ५ करोड २६ लाख ६५ हजार ९ सय ४३ रुपैंया २४ पैसा (भ्याट समेत) भुक्तानी भैसकेको देखिन्छ । वित्तिय प्रगति हेर्ने हो भने हालसम्म ९९% र भौतिक प्रगति ९९% देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

# खुल्लामञ्चमा घाँसे मैदान निर्माण गर्ने परियोजनाको
# अनुगमन प्रतिवेदन

**३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा**

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सम्बन्धित विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । यो स्थानलाई बहुउपयोगी स्थानका रुपमा प्रयोग गर्न उपयुक्त हुने देखियो ।

**४ अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. योजना कुनै वाधा अड्चन विना सञ्चलनमा रहेको,

२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification मा सामान्य परिवर्तन भई कार्य भइरहेको,

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५ अनुगमनमा क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नु पर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै काम सक्न परियोजना सञ्चालन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,

२. महानगरपालिकाका साइट इन्जिनियर श्री अर्जुन अर्याल र श्री प्रवेश ढकाल निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नु पर्ने ।

३. खुल्ला मञ्चको खुल्ला मैदानमा उम्रिएको अनावश्यक झारपातले रोपिएको दुवोलाई अतिक्रमण गरेको देखिएकोले त्यसको गोडमेल तथा सरसफाइका लागि उद्यान तथा हरियाली प्रवर्धन आयोजनालाई निर्देशन दिने ।

**६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७ सरोकारवालाको धारणा, राय, सुझाव**

स्थानीयबासी, स्थानीय क्लबका पदाधिकारी, जनप्रतिनिधिहरु समेतको रायमा सो खुल्ला मञ्चको सञ्चालन तथा व्यवस्थापनका लागि कानुनी तथा संस्थागत व्यवस्था गरी सम्बन्धित सबै सरोकारवालाहरुसँगको समन्वयमा खुल्ला मञ्चको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी तोक्नु पर्ने ।

# खुल्लामञ्चमा घाँसे मैदान निर्माण गर्ने परियोजनाको
# अनुगमन प्रतिवेदन

### ८ अनुगमन पछि दिइएका सुझावहरु

निर्माण कार्यलाई निरन्तरता दिँदै गुणस्तर कायम गरी निर्धारित समयमा नै परियोजना सम्पन्न गर्न सम्बन्धित विभागले निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने ।

### ९ अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### १० अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### ११ तस्विर



# खुल्लामञ्चमा घाँसे मैदान निर्माण गर्ने परियोजनाको
# अनुगमन प्रतिवेदन



# जूद्ध बारुण यन्त्र भवन प्रवलिकरण अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल मंसिर ४ गतेका दिन काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलज्यूको नेतृत्वमा जुद्ध बारुण यन्त्र भवन प्रवलिकरण परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा प्रमुख प्रशासकीय अधिकृत श्री सरोज गुरागाइँ लगायत २० नं. वडा अध्यक्ष श्री राजेन्द्र मानन्धर, समितिका सदस्यहरु, सम्बन्धित विभागका विभागीय प्रमुख तथा महाशाखा प्रमुखहरु, अन्य विभागहरु(कानुन तथा मानव अधिकार विभाग र योजना अनुगमन तथा मूल्यांकन एकाई) परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) को संलग्नता रहेको थियो ।

## २ आयोजनाको परिचय

जूद्ध बारुण यन्त्र भवन प्रवलिकरण नामक यो परियोजना अन्तर्गत परियोजनास्थलमा भवन जिर्णोद्वार कार्य हुनेछ । उक्त कार्यको लागि जम्मा ९४ लाख ९६ हजार ८९ रुपैंया ७५ पैसा लागत (भ्याट सहित) मा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो । काठमाडौं महानगरपालिका अन्तर्गतको जुद्ध वारुण यन्त्र कार्यालय, बसन्तपुरमा जुद्ध बारुण यन्त्र भवन प्रवलिकरण गर्ने कार्य भइरहेको पाइयो

ठेक्का नं. ०२-२१-०८१-८२-NCBW-KMC को यो ठेक्का कार्यान्विनयनका लागि इन्द्रदह निर्माण सेवा, रानीवारीलाई मिति २०८२ जेठ १९ गते कार्यदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ जेठ १९ गते रहेको र उक्त परियोजना २०८३ जेठ ११ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । ९४ लाख ९६ हजार ८९ रुपैंया ७५ पैसा लागत (भ्याट सहित) को स्वीकृत लागत भएता पनि प्रतिष्पर्धा गर्दा ७८ लाख ४७ हजार २ सय ४६ रुपैंया ८० पैसा (भ्याट सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो। अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि १३ लाख ९१ हजार २ सय रुपैया (भ्याट समेत) भुक्तानी भैसकेको र यसबाट हालसम्म २०% वित्तीय र १५ % भौतिक प्रगति हासिल भएको देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वययमा काम जारी रहेको पाइयो ।

## ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा २३ नं. वडा कार्यालयबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययन पछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । परियोजना सञ्चालन भएको क्षेत्रका स्थानीय वासिन्दासँग परियोजनाको सम्भावित उपलब्धीका बारेमा सोधपुछ गरी परियोजनाका प्रति

# जूद्ध बारुण यन्त्र भवन प्रवलिकरण अनुगमन प्रतिवेदन

नागरिकहरुको रुची पहिचान गर्ने प्रयत्न गर्दा उल्लिखित योजनाहरु प्रति सम्बन्धित क्षेत्रका नागरिकहरुमा सकारात्मक एवं सहयोगात्मक अभिरुची रहेको पाइयो ।

**४ अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. योजना कुनै वाधा अड्चन विना सञ्चलनमा रहेको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,
३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,
४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५ अनुगमन क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

**६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय (आवश्यक भए उल्लेख गर्ने)**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७ सरोकारवालाको धारणा, राय, सुझाव**

अनुगमनका क्रममा परियोजनास्थलमा उपस्थित स्थानीय जनताको अनौपचारिक धारणा बुझ्दा परियोजनाका प्रति उनीहरुमा गहिरो अभिरुची रहेको पाइयो। वडा कार्यालय तथा वडाका जनप्रतिनिधिहरुले परियोजना कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्दै आएको र योजनाका प्रति उनीहरुले अपनत्वभाव प्रकट गर्दै सर्वसाधारण बटुवाहरु तथा आगन्तुक राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकहरुको लागि आवतजावत गर्न जोखिमयुक्त भई जीउ धनको सुरक्षा सेमतसँग जोडिएका यस प्रकारका योजनाहरु बढी भन्दा बढी मात्रामा तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको मध्यमबाट राजधानी शहरलाई सुरक्षित बसोवासयुक्त शहरमा रुपान्तरण गर्नु पर्ने सुझाव प्राप्त भएको छ ।

**८ अनुगमन पछि दिइएका सुझावहरु**

**९ अनुगमन टोलीको नाम र हस्ताक्षर**

अनुगमन फरम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

११ तस्वीरहरुः



# धुलो रहित सडक पूर्वी क्षेत्र (वडा ६ १० ३१ र ३२) नामक परियोजनाको अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल पुस १८ गतेका दिन बिहान ८:०० बजे काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलज्यूको नेतृत्वमा **धुलो रहित सडक पूर्वी क्षेत्र** (वडा ६ १० ३१ र ३२) नामक परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा प्रमुख प्रशासकीय अधिकृत श्री सरोज गुरागाइँ लगायत वडा सदस्य श्री हरि बहादुर बस्नेत सम्बन्धित विभागका विभागीय प्रमुखहरु र कर्मचारीहरु तथा यस परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) को संलग्नता रहेको थियो ।

## २ आयोजनाको परिचय

**धुलो रहित सडक पूर्वी क्षेत्र** नामक यो परियोजना सडक पिच, ढलान, ढल तथा वाल निर्माण कार्य गरेको पाइयो । गौरव योजनामा पर्ने 'धुलोरहित सडक' नामक कार्यक्रम अन्तर्गत अहिलेसम्ममा ५५ किलोमिटर सडक कालोपत्रे भएको पाइयो । उक्त कार्यका लागि जम्मा ८० करोड २३ लाख ०३ हजार ३ सय ९० रुपैंया १९ पैसा लागत (भ्याट सहित) मा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो । वडाबाट प्राप्त भएका मागका आधारमा सार्वजनिक निर्माण विभागबाट सञ्चालन हुने कार्यक्रममा सडकका खाल्टाखुल्टी पुर्ने, मर्मत गर्ने, कालोपत्रे तथा आवश्यकता आधारमा ढलान गर्ने, ढल मर्मत गर्ने जस्ता काम हुने पाइयो ।

ठेक्का नं. २४-४९-०८०-०८१-NCBW KMC को यो ठेक्का कार्यान्वयनका लागि श्री Worldwide-Kohinoor-Ramita JV लाई मिति २०८१ असोज १४ गते कार्यदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८१ असोज १४ रहेको र उक्त परियोजना २०८३ असार ३० गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । ८० करोड २३ लाख ०३ हजार ३ सय ९० रुपैंया १९ पैसा लागत (भ्याट सहित) को स्वीकृत लागत भए तापनि प्रतिष्पर्धा गर्दा ७९ करोड ५७ लाख ७६ हजार ३ सय ६१ रुपैंया ३ पैसा (भ्याट र पिएस सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो। अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ३२ करोड १७ लाख ८५ हजार ३ सय रुपैयाँ ७९ पैसा (भ्याट र पिएस समेत) भुक्तानी भैसकेको र यसबाट हालसम्म २३% वित्तीय र ५१.२५ % भौतिक प्रगति हासिल भएको देखिन्छ । यसको वित्तिय श्रोत भने आन्तरिक आय रहेको देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको

# धुलो रहित सडक पूर्वी क्षेत्र (वडा ६ १० ३१ र ३२) नामक परियोजनाको अनुगमन प्रतिवेदन

चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो। कागजात अध्ययन पछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो ।पूर्वाधार सुधार गरेर सडकलाई धुलोरहित बनाउने यो कार्यक्रम गौरवको योजना अन्तर्गत बहुवर्षिय परियोजना हो । यो परियोजना सञ्चालन भएको क्षेत्रका स्थानीय वासिन्दासँग परियोजनाको सम्भावित उपलब्धीका बारेमा सोधपुछ गरी परियोजनाका प्रति नागरिकहरुको रुची पहिचान गर्ने प्रयत्न गर्दा उल्लिखित योजनाहरु प्रति सम्बन्धित क्षेत्रका नागरिकहरुमा सकारात्मक एवं सहयोगात्मक अभिरुची रहेको पाइयो ।

## ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै वाधा अड्चन विना सञ्चलनमा रहेको,

२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

## ५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नु पर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै काम सक्न परियोजना सञ्चालन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,

२. महानगरपालिकाका साइट इन्जिनियर श्री सन्दिप ढकाल र श्री राजु आचार्य निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नु पर्ने ।

## ६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

## धुलो रहित सडक पूर्वी क्षेत्र (वडा ६ १० ३१ र ३२) नामक परियोजनाको अनुगमन प्रतिवेदन

### ७ सरोकारवालाको धारण, राय, सुझाव

यो क्षेत्रको करिब ५० मिटर क्षेत्रमा अदालतबाट अन्तरिम आदेश प्राप्त भई सडक कालोपत्रे गर्ने कार्य अवरोध भएको हुँदा सो क्षेत्रको विवाद समाधान भएपछि मात्र कालोपत्रे गर्ने गरी अन्य क्षेत्रमा निर्माण कार्य सुचारु गरिनु पर्ने ।

### ८ अनुगमन पछि दिइएका सुझावहरु

निर्माण कार्यको गुणस्तरमा सुनिश्चितता कायम गरी विचलित नभइकन कार्य सम्पन्न गर्न निर्माण व्यवसायी र सम्बन्धित विभाग अगाडि बढ्नु पर्ने ।

### ९ अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### १० अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### ११ तस्बीरहरुः



# धुलो रहित सडक पश्चिम क्षेत्र अन्तर्गत फलफूल बजारमा सडक ढलान गर्ने कार्यको अनुगमन प्रतिवेदन

१ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल असोज २७ गतेका दिन काठमाडौं महानगरपालिकाको अनुगमन तथा मूल्यांकन समितिबाट Road Construction and Maintenance works at west sector (west 13-16) of KMC Re-notice अन्तर्गत काठमाडौं महानगरपालिका वडा नं.१४ को **फलफूल बजारमा सडक ढलान गर्ने** कार्यको अनुगमन गरिएको हो । अनुगमन कार्यमा सार्वजनिक निर्माण र योजना अनुगमन तथा मूल्याकंन एकाईका विभागीय प्रमुखहरु, सम्बन्धित कर्मचारीहरु र प्राविधिक कर्मचारी (इञ्जिनियर) को संलग्नता रहेको थियो । स्थानीयबासी र पैदलयात्रीहरुलाई सडक पेटी लगायत सडकमा निर्माण सामग्री जथाभावी राखिएकोले असहजता भएको साथै निर्माण कार्य निरन्तर सञ्चालन नभएको भन्ने विषयमा महानगरपालिकामा मौखिक रुपमा गुनासो आएकोले उक्त योजना अनुगमन गरिएको हो ।

२ आयोजनाको परिचय

**Road Construction and Maintenance works at west sector (west 13-16) of KMC Re-notice** अन्तर्गत काठमाडौं महानगरपालिका वडा नं.१४ फलफूल बजारमा सडक ढलान गरी सर्वसाधारणलाई सहज गर्ने कार्य अगाडि बढाइएको पाइयो । ठेक्का नं.३९-७०-०८०-०८१-WCBW-KMC को यो ठेक्का मिति २०८२ बैशाख ४ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ असार १० गते रहेको र उक्त परियोजना २०८४ वैशाख ३० गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । ७४ करोड ९९ लाख ९८ हजार ७ सय ५१ रुपैया २० पैसा (भ्याट कन्टिन्जेन्सी पिएस सहित) को कूल लागत अनुमान भए तापनि प्रतिष्पर्धा गर्दा ६५ करोड ५७ लाख ३१ हजार ९ सय ७६ रुपैयाँ ७२ पैसा (भ्याट र पिएस सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ५ करोड ७० लाख (मोविलाइजेसन प्रथम किस्ता) भुक्तानी भैसकेको देखिन्छ । अनुगमनको समयसम्म यस परियोजनाको वित्तीय प्रगति १० प्रतिशत र भौतिक प्रगति हेर्ने हो भने ५ प्रतिशत भएको देखिन्छ ।

३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सम्बन्धित विभाग सार्वजनिक निर्माण विभाग र सम्वद्ध प्राविधिक कर्मचारीसँग आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत

# धुलो रहित सडक पश्चिम क्षेत्र अन्तर्गत फलफूल बजारमा सडक ढलान गर्ने कार्यको अनुगमन प्रतिवेदन

अध्ययन गरियो । कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो ।

**४ अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. योजना कुनै वाधा अड्चन विना सञ्चलनमा रहेको,

२. परियोजना कार्यान्वयनका सम्बन्धमा स्थानीय लाभग्राहीसँग वडा जनप्रतिनिधिको रोहबरमा छलफल,

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नुपर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै काम सक्न परियोजना सञ्चालन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,

३. महानगरपालिकाको सार्वजनिक निर्माण विभाग र सम्बन्धित साइट इन्जिनियरले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने ।

**६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय (आवश्यक भए उल्लेख गर्ने)**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७ सरोकारवालाको धारणा, राय, सुझाव**

नजिकिदै गरेको चाडवाडलाई विचार गरी व्यापार व्यवसायलाई नकरात्मक असर नहुने गरी केही समय कार्य सञ्चालन स्थगित गर्न र चाडवाड सकिए लगत्तै निर्माण कार्यलाई सुचारु गर्न फलफूल व्यवसायी तथा स्थानीयहरुबाट समेत राय सुझाव प्राप्त भएको ।

**८ अनुगमन पछि दिइएका सुझावहरु**

निर्माण कार्य क्षेत्रमा जथाभावी फालिएको फोहरको उचित व्यवस्थापन गर्नका लागि वातावरण व्यवस्थापन विभागसँग योजना अनुगमन तथा मूल्यांकन एकाइले समन्वय गर्ने ।

# धुलो रहित सडक पश्चिम क्षेत्र अन्तर्गत फलफूल बजारमा सडक ढलान गर्ने कार्यको अनुगमन प्रतिवेदन

९ अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

१० अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

# भद्रकाली मन्दिर परिसर पुनः निर्माण परियोजनाको
## अनुगमन प्रतिवेदन

### १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल पुस ८ गतेका दिन काठमाडौं महानगरपालिकाका उपप्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **भद्रकाली मन्दिर परिसर पुनः निर्माण कार्य वहुवर्षिय** परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा प्रमुख प्रशासकीय अधिकृत श्री सरोज गुरागाइँज्यू लगायत समितिका सदस्यहरु, २० नं. वडाका वडाअध्यक्ष श्री राजेन्द्र मानन्धरज्यू तथा सम्बन्धित विभागका विभागीय प्रमुखहरु परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) को समेत संलग्नता रहेको थियो ।

### २ आयोजनाको परिचय

**भद्रकाली मन्दिर परिसर पुनः निर्माण कार्य** नामक यो परियोजना अन्तर्गत परियोजनास्थलमा २०७२ सालको भूकम्पले जीर्ण भएको मन्दिर परिसरका सत्तलहरुको पुनःनिर्माण सम्बन्धी कार्य भईरहेको पाइयो। उक्त कार्यका लागि स्वीकृत लागत रू. ३६ करोड १८ लाख १५ हजार २ सय ११ लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो ।भौगोलिक रुपमा काठमाडौं महानगरपालिका वडा नं. ११ मा अवस्थित यस मन्दिरमा सो परियोजना अन्तर्गत पुनः निर्माणको कार्य परम्परागत रुपमा भइरहेको पाइयो । यो योजना अन्तर्गत सत्तललगायत संरचनाको निर्माण परम्परागत नेवारी शैलीमा भइरहेको पाईयो भने कुँदिएका बुट्टेदार ढोका, झ्याल, थामको प्रयोग गरिएको पनि पाइयो । पुनःनिर्माण सहजीकरण समितिले मन्दिर परिसरका संरचना पुनरुत्थान गर्ने क्रममा अभिलेखन, निर्माण सामग्रीको व्यवस्थापनसहित पुनःनिर्माणको काममा सहजीकरण गरिरहेको जानकारी पाइयो ।

ठेक्का नं. १९-४३-०८०-८१-NCBW-KMC को यो ठेक्का कार्यान्वनयनका लागि श्री तुल्सी-अम्बुजा जे.भि., भक्तपुरलाई मिति २०८१ असार ०४ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त बहुवर्षिय परियोजनाको कार्य शुरु मिति २०८१ असार १० गते रहेको र उक्त परियोजना २०८४ असार ०३ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । उक्त परियोजना ४३ करोड ३८ लाख ८८ हजार ५ सय २३ रुपैंया २५ पैसा लागत (भ्याट सहित) को स्वीकृत लागत भए तापनि प्रतिष्पर्धा गर्दा ४२ करोड ८१ लाख ४५ हजार ३ सय ३४ रुपैंया १३ पैसा (भ्याट सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि तीन पटक गरी जम्मा रकम १३ करोड ९३ लाख ६० हजार ५ सय ६० रुपैंया (भ्याट समेत) भुक्तानी भैसकेको देखिन्छ । सम्बन्धित वडा कार्यालयको मागबमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको विषय अनुगमनको क्रममा जानकारी पाइयो ।

# भद्रकाली मन्दिर परिसर पुनः निर्माण परियोजनाको
## अनुगमन प्रतिवेदन

### ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सम्पदा तथा पर्यटन विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययन पछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । भद्रकाली मन्दिरको पुनःनिर्माण प्रक्रिया सन्तोषजनक रुपमा अगाडि बढिरहेको पाइयो । पुनःनिर्माण कार्यको अनुगमन गर्दा सत्तलमा काठ सम्बन्धी काम गर्दा परम्परागत रुपमा काठको काम गर्ने रैथाने सिप भएका व्यक्तिहरुको सुझाव र सहयोग लिई काम गरेको पाइयो ।

### ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै वाधा अड्चन विना सञ्चालनमा रहेको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,
३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,
४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

### ५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

१. भद्रकाली मन्दिर पुनः निर्माणको लागि प्रयोग गरिएका काठलाई बाहिरी वातावरणीय असर अर्थात हावा पानी घामबाट सुरक्षित राख्नका लागि बिटुमिन पेन्टलाई उपयुक्त स्थानमा र लिनसिड तेललाई उचित मात्रामा प्रयोग गर्नुपर्ने ।
२. निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै कार्य सम्पन्न गर्न परियोजना सञ्चालन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,
३. महानगरपालिकाका वरिष्ट इन्जिनियर श्री रविन्द्र रिजाल र इन्जिनियर श्री अनुप राज ढुङ्गानाले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने ।

### ६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

### ७ सरोकारवालाको धारणा, राय, सुझाव

सत्तलमा काठ सम्बन्धी काम गर्दा परम्परागत रुपमा काठको काम गर्ने रैथाने सिप भएका व्यक्तिहरुको सुझाव र सहयोग लिई काम गर्ने साथै कम्पाउण्ड वाल बनाउँदा सुरक्षा, सुन्दरता, मौलिकता र उपयोग सहजतालाई ध्यान दिने ।

# भद्रकाली मन्दिर परिसर पुनः निर्माण परियोजनाको
## अनुगमन प्रतिवेदन

**८ अनुगमन पछि दिइएका सुझावहरु**

निर्माण कार्यलाई निरन्तरता दिँदै गुणस्तर कायम गरी निर्धारित समयमा नै परियोजना सम्पन्न गर्न सम्बन्धित विभागले निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने ।

**९ अनुगमन टोलीको नाम र हस्ताक्षर**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नाम थर, पद र हस्ताक्षर रहेको ।

**१० अनुगमनको क्रममा उपस्थितको नाम सूची**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**११ तस्विरहरु**



# भद्रकाली मन्दिर परिसर पुनः निर्माण परियोजनाको
## अनुगमन प्रतिवेदन





# Re-Construction of Sanogaucharan football Stadium Park
# परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार सम्वत् २०८२ फागुन २९ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **Re-Construction of Sanogaucharan football Stadium Park** परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

**Re-Construction of Sanogaucharan football Stadium Park** नामक यो परियोजना वडा नं ५ सानो गौचरणस्थित रहेको छ । रङ्गशाला १८ रोपनी १ आना २ पैसा ३ दान (९२११.५ वर्गमिटर) क्षेत्रफलमा निर्माण भइरहेको र यसमा दर्शक क्षमता १ हजार २ सय ६० जनाको हुने कुराको जानकारी अनुगमनका क्रममा सम्बन्धित प्राविधिक कर्मचारीबाट पाइयो । उक्त कार्यका लागि स्वीकृत लागत रू. २२ करोड ९६ लाख ६० हजार ९९ रुपैयाँ र ३९ पैसामा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो । स्टेडियममा ९६×६२ मिटरको खेल मैदान हुने र मैदानमा आकाशे पानी निकास प्रणालीसहितको कृतिम घाँस राखिने गरि यो योजनाको काम अगाडि बढाइएको जानकारी पाइयो भने वरिपरि सीमा पर्खाल समेत निर्माण गरिएको देखियो । यसमा २८ वटा चार पाङ्ग्रे र १७८ वटा २ पाङ्ग्रे सवारी साधन अट्ने क्षमताको पार्किङस्थल रहने विषयको जानकारी पाइयो । स्टेडियमको भुइँ तलामा महिलाका लागि २३ वटा र पुरुषका लागि १६ वटा शौचालय हुने र पहिलो तलामा महिलाका लागि ७ वटा र पुरुषका लागि ५ वटा शौचालय हुने गरि काम अगाडि बढेको पाइयो ।

ठेक्का नं. २७-५३-०८०-८१-NCBW-KMC को यो ठेक्का कार्यान्वयनका लागि Shubha Construction Pvt Ltd, Nayabazar लाई मिति २०८१/०७/२५ गते कार्यदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८१ मंसिर १३ गते रहेको र उक्त परियोजना २०८२ चैत्र ३० गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ ।

परियोजनाको कुल लागत अनुमान रू. २२ करोड ९६ लाख ६० हजार ९९ रुपैयाँ ३९ पैसा रहेको र १६ करोड ४७ लाख २० हजार ८ सय ५१ रुपैयाँ ३५ पैसा (भ्याट र पिएस बाहेक) को सम्झौता रकममा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरेको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि १२ करोड ८१ लाख ६२

# Re-Construction of Sanogaucharan football Stadium Park

## परियोजनाको अनुगमन प्रतिवेदन

हजार २ सय १२ रुपैयाँ ७१ पैसा भुक्तानी भैसकेको र प्रगति हेर्दा वित्तीय प्रगति ६७.८९% र भौतिक प्रगति ७५% भएको देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

### ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययन पछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । परियोजनाको काम सन्तोषजनक रुपमा अगाडि बढिरहेको पाइयो ।

### ४. अनुगमनबाट देखिएका सबल पक्षहरु

१. परियोजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,

२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

### ५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

फुटबल रंगशाला निर्माण भएको मैदानमा पानीको पुनर्भरणको लागि रिचार्ज पिटको पर्याप्त व्यवस्थाका साथै विभिन्न रुपमा परियोजनालाई वातावरणमैत्री बनाउन सम्बन्धित प्राविधिकले विशेष ध्यान दिने ।

### ६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

### ७. सरोकारवालाको धारणा, राय, सुझाव

१. सबै मौसममा रंगशालाको प्रयोग गर्दा घाम र पानीबाट दर्शकलाई सुरक्षित राख्नको लागि छानाको व्यवस्था र दर्शकदिर्घामा बस्ने ठाँउमा सीटको प्रबन्ध हुनुपर्ने ।

२. रंगशालाको सीमा पर्खालको वरिपरि लगाइएको पर्खालमा जालीको प्रबन्ध गरिनुपर्ने ।

# Re-Construction of Sanogaucharan football Stadium Park
## परियोजनाको अनुगमन प्रतिवेदन

### ८. अनुगमन पछि दिइएका सुझावहरु

१. रंगशालाको भवन अपाङ्गतामैत्री भएको नपाइएकोले भवनलाई अपाङ्गतामैत्री एवं सबैको लागि पहुँचयोग्य बनाउन र्यामका साथै माथिल्लो तलामा जानको लागि कम्तीमा १ वटा ह्वीलचियर अट्ने लिफ्ट बनाउने ।

२.महानगरपालिकाका साइट इन्जिनियर श्री अर्जुन अर्याल र माया अवस्थीले निर्माण कार्यको नियमित निरीक्षण गरी परियोजनाको गुणस्तरियता सुनिश्चित गर्नुपर्ने ।

### ९. अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### १०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### ११. अनुगमनको क्रममा लिइएका तस्विरहरु



## Re-Construction of Sanogaucharan football Stadium Park
## परियोजनाको अनुगमन प्रतिवेदन





# धुलो रहित सडक निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ चैत्र २७ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा धुलो रहित सडक-पूर्वी क्षेत्र (वडा नं. ६-१०, ३१, ३२) अन्तर्गत वडा नं. ३२ मा पर्ने निर्माण कार्यको अनुगमन गरिएको हो। अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु र परियोजनासँग सम्बन्धित सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

धुलो रहित सडक बनाउने योजना काठमाडौं महानगरपालिकाको गौरवको योजना हो । काठमाडौं महानगरपालिकालाई स्वच्छ सफा सुन्दर बनाइ बस्न लायक सहरको रुपमा विकास गर्न महानगरपालिकाले विशेष प्राथमिकताकासाथ गौरवको योजना कार्यान्वयनमा ल्याएको छ । महानगरपालिकालाई विभिन्न क्षेत्रहरुमा विभाजन गरी सबै क्षेत्रलाई समेटी विशेष महत्वका साथ महानगरपालिकाले विकास निर्माणका कार्यहरु गर्दै आएको छ । यसै परिप्रेक्ष्यमा महानगरपालिका पूर्वी क्षेत्रका सडकलाई धुलो रहित सडकको रुपमा विकास गर्ने सो योजना अन्तर्गत मुख्य कार्यहरु पिच, ढल, सडक मर्मत, बत्ति, तालिम अदि रहेका छन् । अनुगमन गरिएको मिसिल संलग्न परियोजना धुलो रहित सडक पूर्वी क्षेत्रमा रहेको छ । पूर्वी क्षेत्र अन्तर्गत महानगरपालिका अन्तर्गतका वडा नं ६, १०, ३१ र ३२ पर्दछन् । काठमाडौं महानगरपालिकाको सार्वजनिक निर्माण विभागबाट कार्यान्वयन भई हाल चालु अवस्थामा रहेको धुलो रहित सडक परियोजना ३२ वडा अन्तर्गत रहेको बहुवर्षिय परियोजना हो ।

धुलो रहित सडक कार्यका लागि स्वीकृत लागत ८० करोड २३ लाख ०३ हजार ३ सय ९० रुपैयाँ १९ पैसा (भ्याट र पिएस सहित) लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो भने सार्वजनिक खरिद प्रक्रियाबाट छनोट भएको निर्माण व्यवसायीसँग ७९ करोड ५७ लाख ७६ हजार ३६१ रुपैयाँ ०३ पैसा (भ्याट र पिएस सहित) मा सम्झौता भएको पाइयो । ठेक्का नं. २४-४९-०८०-०८१-NCBW-KMC को यो ठेक्का मिति २०८१ असोज १४ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८१ असोज १४ रहेको र उक्त परियोजना २०८३ असार ३० गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । यो परियोजना बहुवर्षे भएको हुँदा चालु आर्थिक वर्षको लागि विनियोजित बजेट २० करोड रहेको पाइयो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाको भौतिक प्रगति ८०% र वित्तीय प्रगति ७५.६१% भएको देखिन्छ । परियोजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा स्थानीय लाभग्राहीसँग र सम्बन्धित वडा जनप्रतिनिधिको रोहबरमा छलफल भएको हुँदा कार्यान्वयनको चरणमा वडा कार्यालय, स्थानीयबासी तथा सरोकारवालासँगको समन्वयमा काम जारी रहेको पाइयो । उक्त परियोजना कार्यान्वयनको क्रममा यसअघि २०८२ पौष १८ गते पहिलो पटक अनुगमन तथा मूल्याङ्कन समितिबाट अनुगमन गरिएकोमा समितिबाट पुन: अनुगमन गरिएको हो

# धुलो रहित सडक निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व परियोजनाका बारेमा परियोजना कार्यान्वयनसँग सम्बन्धित विभाग सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धित कागजात अध्ययन गरियो । सम्बन्धित कागजातको अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको हो ।अनुगमन कार्यमा आवश्यकतानुसार अवलोकन विधि, अन्तरसंवाद विधि तथा प्रश्नोत्तर विधिको प्रयोग गरिएको थियो ।

## ४. अनुगमनबाट देखिएका सबल पक्षहरु

१. आयोजना कार्यान्वयन सम्बन्धमा स्थानीय लाभग्राहीसँग वडा जनप्रतिनिधिको रोहबरमा छलफल भइ कार्य भएको ।

२. परियोजनामा तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य भइरहेको,

## ५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष

परियोजना कार्यान्वयन गर्दै गर्दा नरेफाँट तरकारी बजार अगाडि रहेको सडकको करिब ७० मिटर लम्बाई र ११ मिटर चौड़ाइ क्षेत्रफलमा सम्मानीत श्री जिल्ला अदालतको आदेश पश्चात कार्यान्वयन कार्य स्थगन भएकोले उक्त स्थानमा निर्माण कार्य सञ्चालन हुन नसकेको पाइयो।

## ६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

## ७. सरोकारवालाको धारणा, राय, सुझाव

यो परियोजना कार्यान्वयन कार्य ठेक्का समयावधिभित्र सम्पन्न गर्नका लागि काठमाडौं महानगरपालिकाले सहजीकरण गरिदिनुपर्ने सरोकारवालाको धारणा रहेको पाइयो ।

## ८. अनुगमन पछि दिइएका सुझाव

सम्मानीत श्री जिल्ला अदालतको स्थगन आदेश फुकाव भइ अर्थात अदालतको फैसला अन्तिम भइ आएपश्चात फैसलाको कार्यान्वयन गर्न सम्बन्धित विभागलाई परियोजनासँग सम्बन्धित वडा कार्यालय र सरोकारवालाहरुले आवश्यक सहयोग गर्नुपर्ने ।

## ९. अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## १०. अनुगमनका क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

# धुलो रहित सडक निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन

११. अनुगमनका क्रममा लिइएका तस्विरहरु:



# धुलो रहित सडक निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन



# जुद्ध बारुण यन्त्र भवन निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल चैत ५ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलज्यूको नेतृत्वमा जुद्ध बारुण यन्त्र भवन निर्माण कार्य परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

**जूद्ध बारुण यन्त्र भवन निर्माण कार्यक्रम** नामक यो परियोजना अन्तर्गत परियोजनास्थलमा भवन जिर्णोद्वार कार्य हुनेछ । उक्त कार्यको लागि कुल लागत अनुमान ३ करोड ३३ लाख ६२ हजार ३ सय ६८ रुपैयाँ रहेको पाइयो । काठमाडौं महानगरपालिका अन्तर्गतको जुद्ध वारुण यन्त्र कार्यालय, बसन्तपुरमा जुद्ध बारुण यन्त्र भवन निर्माण गर्ने कार्य भइरहेको पाइयो ।

ठेक्का नं. ०८-१२-०८१-०८२-NCBW-PWD-KMC को यो ठेक्का कार्यान्वयनका लागि S.B. Construction लाई मिति २०८२ मंसिर २१ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ मंसिर २१ गते रहेको र उक्त परियोजना २०८३ असोज ३० गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । ३ करोड ३३ लाख ६२ हजार ३ सय ६८ रुपैयाँ स्वीकृत लागत भए तापनि प्रतिष्पर्धा गर्दा २ करोड ११ लाख २३ हजार ९ सय ५५ रुपैयाँ ७४ पैसामा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो। अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि १८ करोड भुक्तानी भैसकेको र यसबाट हालसम्म १०% वित्तीय र ४० % भौतिक प्रगति हासिल भएको देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सम्बन्धित विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । परियोजना सञ्चालन भएको क्षेत्रका स्थानीय बासिन्दासँग परियोजनाको सम्भावित उपलब्धिका बारेमा सोधपुछ गरी परियोजनाका प्रति

# जुद्ध बारुण यन्त्र भवन निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन

नागरिकहरुको रुची पहिचान गर्ने प्रयत्न गर्दा उल्लिखित योजनाहरु प्रति सम्बन्धित क्षेत्रका नागरिकहरुमा सकारात्मक एवं सहयोगात्मक अभिरुचि रहेको पाइयो ।

**४. अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. योजना कुनै बाधा अड्चन विना परियोजना सञ्चालनमा रहेको,

२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,

४. प्रयोग गर्ने सामग्री स्पेशिफिकेसन अनुसार प्रयोग गर्न अनुमति लिई ल्याब टेस्ट समेत गरी प्रयोग भएको ।

**५. अनुगमन क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

प्रस्तुत परियोजना तोकिएको समयमा गुणस्तर कायम गरी सम्पन्न गर्नका लागि सबै पक्षको समन्वयात्मक भूमिकामा कार्य सम्पादन गर्नुपर्ने ।

**६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७. सरोकारवालाको धारणा, राय, सुझाव**

परियोजना कार्यको अगाडिको बाटोमा बिच्छ्याइएको ढुंगाको फाइनल फिनिसिङ्ग नभएको र बारुणयन्त्र भवन निर्माण तथा मर्मत सम्भारको क्रममा बिग्रिन गएकोलाई प्राथमिकतामा राखी निर्माण गर्नुपर्ने ।

**८. अनुगमन पछि दिइएका सुझावहरु**

परियोजना विश्वसम्पदा सूचीमा परेको क्षेत्र भएको हुनाले सो सम्बन्धी मापदण्डको पूर्ण परिपालन गरी निर्माण कार्यलाई प्राथमिकतामा दिइ कार्य गर्नुपर्ने ।

**९. अनुगमन टोलीको नाम र हस्ताक्षर**

अनुगमन फरम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

# जुद्ध बारुण यन्त्र भवन निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन

१०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

११. अनुगमनको क्रममा लिइएका तस्विरहरु



# जुद्ध बारुण यन्त्र भवन निर्माण कार्य परियोजनाको अनुगमन प्रतिवेदन



# कुमारी घर जिर्णोद्धार कार्य परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल चैत्र ५ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **कुमारी घर जिर्णोध्दार कार्य** परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

राजा जय प्रकाश मल्लका पालामा वि. सं. १८१४ मा यो बहालको रुपमा निर्माण गरिएको कुमारी घरको ऐतिहासिक पृष्ठभूमि अन्तर्गतको यस कुमारी घर **"कुमारी घर जिर्णोध्दार कार्य"** नामक यो परियोजना रहेको छ । यस अन्तर्गत कुमारी घरसँग सम्बन्धित धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षलाई विशेष ध्यान दिई कार्य अघि बढिरहेको पाइयो। उक्त कार्यका लागि स्वीकृत लागत रू. १ करोड ७ लाख ७ सय ४५ रुपैयाँ ७ पैसा (भ्याट र पिएस बाहेक) लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय भएको पाइयो। जीर्णोद्धार कार्य गर्दा कुमारी घरबाट दैनिक सञ्चालन हुने धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्ष, अन्य भौतिक संरचनासँगका छानाको सम्बन्ध र छानो मर्मत गर्दा अन्य संरचनाको बचावटका विषयमा सहभागी सरोकारवाला र स्थानीयसँग कुराकानी भयो । निर्माण कार्य गर्दा पूर्व र उत्तरतर्फको छानोलाई पहिले मर्मत गरिने र त्यसपछि मात्र पश्चिम र दक्षिण तर्फको छानो मर्मत गरिने कुरा सम्बन्धित प्राविधिक इन्जिनियरबाट जानकारी भयो । बर्खायाममा कुमारी घरको छानो चुहिने भएपछि जीर्णोद्धारको प्राविधिक पक्ष अध्ययन गर्न समिति गठन भई काम गरिरहेको पाइयो ।

ठेक्का नं. ०८-१२-०८१-८२-NCBW-PWD-KMC को यो ठेक्का कार्यान्वयनका लागि श्री अजय निरमान सेवालाई मिति २०८२ फागुन ११ गते कार्यादेश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ फागुन २९ गते रहेको र उक्त परियोजना २०८३ माघ ३० गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ ।१ करोड ७ लाख ७ सय ४५ रुपैया ७ पैसा (भ्याट र पिएस बाहेक) कुल लागत अनुमान गरिएकोमा ७१ लाख २४ हजार ६ सय ८९ रुपैया (भ्याट र पिएस बाहेक) सम्झौता भएको देखियो। बहुवर्षे आयोजना अन्तर्गत चालु आ.व.का लागि विनियोजित बजेट भने २ करोड रहेको पाइयो। यस परियोजनाको श्रोत आन्तरिक रहेको र सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

# कुमारी घर जिर्णोद्धार कार्य परियोजनाको अनुगमन प्रतिवेदन

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सम्बन्धित विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययन पछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो ।

## ४. अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम नै कार्य भइरहेको,
३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य प्रगति भइरहेको,
४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

## ५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु

१. अनुगमनका क्रममा तत्काल सुधार गर्नु पर्ने कुनै विषय फेला नपरेको हुँदा निर्माण कार्यलाई निरन्तरता दिँदै समयमै काम सक्न परियोजना सञ्चालन गर्ने विभागले सम्बन्धित निर्माण व्यवसायीको ध्यानाकर्षण गर्ने,
२. महानगरपालिकाका साइट इन्जिनियर श्री गौरव श्रेष्ठले निर्माण कार्यको नियमित निरीक्षण गरी गुणस्तरीयता सुनिश्चित गर्न थप प्रयास गर्नु पर्ने ।

## ६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

## ७. सरोकारवालाको धारणा, राय, सुझाव

सत्तलमा काठ सम्बन्धी काम गर्दा परम्परागत रुपमा काठको काम गर्ने रैथाने सीप भएका व्यक्तिहरुको सुझाव र सहयोग लिई काम गर्ने साथै कम्पाउण्ड वाल बनाउँदा सुरक्षा, सुन्दरता, मौलिकता र उपयोग सहजतालाई विशेष ध्यान दिन निर्देशन भयो।

## ८. अनुगमन पछि दिइएका सुझावहरु

१ छानामा रहेको झिंगटीबाट पानी चुहिने समस्या नआउने गरी विशेष ध्यान दिएर काम गर्ने ।

२ वर्षायाम सुरु हुन भन्दा अगाडि नै काम सक्ने गरी काम जनशक्ति बढाएर काम गर्न निर्देशन भयो ।

# कुमारी घर जिर्णोद्धार कार्य
# परियोजनाको अनुगमन प्रतिवेदन

३ कुमारी घरमा प्रयोग भएका काठहरुको मौलिकता र त्यसको सुन्दरता कायम रहने साथै क्षति नपुग्ने गरी काम गर्नुपर्ने ।

## ९. अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## १०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## ११. अनुगमनको क्रममा लिइएका तस्विरहरु





# कुमारी घर जिर्णोद्धार कार्य परियोजनाको अनुगमन प्रतिवेदन





# Karma Rong Bikash Samaj, Building Construction परियोजनाको अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल फागुन ५ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **Karma Rong Bikash Samaj, Building Construction** नामक परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, सम्बन्धित विभागका विभागीय प्रमुख, महाशाखा प्रमुख सम्बन्धित कर्मचारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २ आयोजनाको परिचय

**Karma Rong Bikash Samaj, Building Construction** नामक यो परियोजनाका लागि स्वीकृत लागत अनुमान रकम रू. २ करोड ६९ लाख ८७ हजार ९३ रुपैयाँ र ७६ पैसा स्वीकृत लागत (भ्याट र पिएस सहित) को भएता पनि सम्झौता रकम रू. १ करोड ९१ लाख ६६ हजार ५ सय ५४ रुपैयाँ ६४ पैसा (भ्याट र पिएस सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो ।

ठेक्का नं. ०३-११-NCBW-०८१-८२-PWD-KMC को यो ठेक्का मिति २०८१ बैशाख १४ गते कार्यदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८१ बैशाख १४ रहेको र उक्त परियोजना २०८१ फागुन मसान्तसम्म सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि सबै सम्झौता रकम रू. १ करोड ९१ लाख ६५ हजार ७ सय ९० रुपैया ६४ पैसा भुक्तानी भैसकेको देखिन्छ । परियोजनाको वित्तिय प्रगति हेर्ने हो भने १००% र भौतिक प्रगति १००% देखिन्छ । उक्त परियोजना सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम भएको पाइयो ।

## ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरियो । परियोजना सन्तोषजनक रुपमा सम्पन्न भएको पाइयो । योजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भएको पाइयो।

## ४ अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै वाधा अड्चन विना सम्पन्न भएको,
२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य भएको,

## Karma Rong Bikash Samaj, Building Construction परियोजनाको अनुगमन प्रतिवेदन

३. परियोजना तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी स्वीकृत कार्य तालिका बमोजिम नै कार्य भएको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

### ५ अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष

अनुगमनका क्रममा तत्काल सुधार गर्नुपर्ने कुनै विषय फेला नपरेको हुँदा सम्बन्धित विभागले परियोजनाको परिमाणात्मक एवं गुणात्मकता सुनिश्चित गरेर मात्र निर्माण व्यवसायीबाट परियोजना हस्तान्तरण गरी लिने ।

### ६ विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

उक्त परियोजना सम्बद्ध कुनै प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

### ७ सरोकारवालाको धारणा, राय, सुझाव

अनुगमनका क्रममा उक्त परियोजना कार्यान्वयनका लागि हाल महानगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराएको मा समाजबाट आभार व्यक्त गरी महानगरपालिकाले आगामी दिनमा पनि यस्ता खालका सहयोग गरोस् भन्ने अपेक्षा रहेको ।

### ८ अनुगमन पछि दिइएका सुझावहरु

महानगरपालिकाको आर्थिक सहयोगमा बनेको कर्मारोङ्ग समाज केन्द्र भवन साँस्कृतिक तथा सामाजिक एकताको प्रतिकको रुपमा बनाइएकोले यस भवनलाई समाजले अधिकतम उपयोग गर्ने ।

### ९ अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### १० अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

# Karma Rong Bikash Samaj, Building Construction परियोजनाको अनुगमन प्रतिवेदन

११ अनुगमनका क्रममा लिइएका तस्विरहरु



**Karma Rong Bikash Samaj, Building Construction परियोजनाको अनुगमन प्रतिवेदन**







# Goma Ganesh Temple Reconstruction Works
# परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल चैत्र १९ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **Reconstruction of pati near Teku Nawadurga Bhawani Mata** नामक परियोजनाको अनुगमन गरिएको हो । यो परियोजना काठमाडौं महानगरपालिका वडा नं १२ मा रहेको छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवाला समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

काठमाडौं महानगरपालिकाले सम्पदा संरक्षण कार्यलाई विशेष प्राथमिकताका साथ जोड दिइ कार्य गर्दै आएको छ । भौतिक रुपमा देखिने मूर्त सम्पदाको साथ साथै अमूर्त सम्पदा संरक्षणमा पनि महानगरपालिकाको विशेष जोड रहेको छ । मिसिल संलग्न परियोजना महानगरबासीको धार्मिक सांस्कृतिक महत्वसँग जोडिएको परियोजना हो । टेकुस्थित नवदुर्गा भवानी माताको मन्दिरमा दर्शन गर्न जाने दर्शालु भक्तजनहरु माताको दर्शनका लागि लगिएका सामग्री तयारी गर्ने, पानी पर्दा ओत लाग्ने, घाम लाग्दा शितलता लिने र थकान मेटाउने साथै स्थानीयबासीहरु जम्मा हुने, फुर्सदको समय बिताउने र दुःख सुख एकआपसमा साटासाट गर्ने साथै चाडपर्व अनुसार भजन कृतन गर्ने लगायतका कार्यमा यस निर्माणाधिन पाटी उपयोग हुने देखिन्छ । मन्दिर नजिकै रहेकोले यसको बहुउपयोग तथा विशेष महत्व रहने हुन्छ ।

**Reconstruction of pati near Teku Nawadurga Bhawani Mata** नामक परियोजनाका लागि स्वीकृत लागत २ करोड ३३ लाख ४८ हजार ३ सय ९५ रुपैयाँ ४३ पैसा रहेको पाइयो । ठेक्का नं. 10-11-081-82-NCBW-HTD-KMC को यो ठेक्का मिति २०८२ माघ १४ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२/११/१३ रहेको र उक्त परियोजना २०८३ कार्तिक २९ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । उक्त परियोजनाका लागि २ करोड ३३ लाख ४८ हजार ३ सय ९५.४३ (भ्याट सहित) को स्वीकृत लागत भए तापनि प्रतिष्पर्धा गर्दा १ करोड ५० लाख ६ हजार ५ सय ९५ रुपैयाँ ५२ पैसा (भ्याट सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि रकम भुक्तानी नभएको परियोजना सम्बन्धित प्राविधिकबाट जानकारी पाइयो । अनुगमन गरिएको मितिसम्म भौतिक प्रगति ५% देखिन्छ । उक्त परियोजना सम्बन्धित वडा कार्यालयको माग बमोजिम तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि सम्बन्धित वडा कार्यालय तथा स्थानीयबासीसँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## Goma Ganesh Temple Reconstruction Works
## परियोजनाको अनुगमन प्रतिवेदन

**३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा**

अनुगमन गर्नु पूर्व परियोजनाका बारेमा परियोजना कार्यान्वयनसँग सम्बन्धित विभाग सम्पदा तथा पर्यटन विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धित कागजात अध्ययन गरियो । सम्बन्धित कागजातको अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको हो । अनुगमन कार्यमा आवश्यकतानुसार अवलोकन विधि, अन्तरसंवाद विधि तथा प्रश्नोत्तर विधिको प्रयोग गरिएको थियो ।

**४. अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. योजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,
२. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको,
३. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य भइरहेको।

**५. अनुगमका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

१ सडक क्षेत्रमा निर्माण सामग्री अव्यवस्थित रुपमा थुपारिएको पाइएकोले फुटपाथ सडकबाट हटाएर व्यवस्थापन गर्ने ।
२ भवन नजिकै रहेको अस्थाई संरचनाले नयाँ बन्ने भवनको सुन्दरतालाई फिक्का बनाउने देखिएको हुँदा उक्त भवनलाई सुन्दरीकरण गर्न के गर्न मिल्छ विचार गर्नुपर्ने ।
३ परियोजना स्थलमा देखिएका पुराना झ्याल, ढोका तथा काठका संरचनाहरुको जथाभावी फाल्नुको सट्टा संरक्षण गर्नुपर्ने र पुनप्रयोग हुन सक्ने काठको वर्गीकरण गरी प्रयोग गर्ने ।

**६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७. सरोकारवालाको धारणा, राय, सुझाव**

पाटीको निर्माणले मन्दिर परिसरको सौन्दर्यमा बढोत्तरी हुने भए तापनि सो परिसरमा अवस्थित अन्य संरचनाको सौन्दर्यीकरण समेत परम्परागत ढाँचामा नै गरी सो क्षेत्रलाई सम्पदामैत्री स्थलका रुपमा विकास गरिनुपर्ने ।

**८. अनुगमन पछि दिइएका सुझावहरु**

१ यस्ता खालका पुरातात्विक महत्वका स्थलको पुनर्निर्माणमा वृहत योजना सहित DPR गरिनुपर्ने।

२ निर्माण कार्यमा तिव्रता दिई समयमै सम्पन्न गर्नुपर्ने ।

४ तोकिएको मापदण्ड र गुणस्तर कायम रहने गरी सम्बन्धित विभाग र कर्मचारीले निरन्तर अनुगमन तथा निगरानी गर्नुपर्ने ।

**९. अनुगमन टोलीको नाम र हस्ताक्षर**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**१०. अनुगमनको क्रममा उपस्थितको नाम सूची**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको छ।

**११. तस्विरहरुः**



# Goma Ganesh Temple Reconstruction Works
## परियोजनाको अनुगमन प्रतिवेदन



# Goma Ganesh Temple Reconstruction Works
# परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८३ वैशाख १७ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा Goma Ganesh Temple Reconstruction Works नामक परियोजनाको अनुगमन गरिएको हो । यो परियोजना काठमाडौं महानगरपालिका वडा नं १ नक्सालमा रहेको छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

### २. आयोजनाको परिचय

काठमाडौं महानगरपालिकाको वडा नं १ नक्सालस्थित गोमा गणेश मन्दिर निकै पुरानो मन्दिर हो । स्थानीयबासीको भनाइ अनुसार गोमा गणेश मन्दिर कमलादीमा रहेको गणेशस्थान मन्दिर भन्दा पनि पुरानो हो भन्ने स्थानीयबासीको अनुसार जानकारी पाइयो। मन्दिर निकै वर्ष पुरानो भई जीर्ण अवस्थामा पुगेको हुनाले स्थानीयबासीको जानकारी तथा मागलाई मध्येनजर गरी मन्दिरलाई पुरै भत्काइ **गोमा गणेश मन्दिर पुनः निर्माण** योजना निर्माण तथा सोको लागि बजेट विनियोजन भइ कार्य भएको जानकारी पाइयो । उक्त मन्दिरको पुनर्निर्माण गर्दा पुरानै शैली र स्वरुपमा गर्ने गरी मन्दिरको Drawing Design भएको पाइयो । पुन निर्माण गर्दा मन्दिरलाई पूरै जमिनदेखि नै भत्काई सोही शैली र स्वरूपमा पुनर्निर्माणका लागि कार्य सुरू भएको प्राविधिक कर्मचारीबाट जानकारी पाइयो।

Goma Ganesh Temple Reconstruction Works नामक यो परियोजनाका लागि कुल लागत अनुमान १ करोड ५८ लाख १ हजार ४ सय ३० रुपैयाँ ७९ पैसा (भ्याट र पिएस सहित) रहेको छ । यस परियोजनाको ठेक्का नं. **14-23-081-082-NCBW-HTD-KMC** रहेको पाइयो र हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२/०७/२७ रहेको र उक्त परियोजना २०८३/०७/२६ मा सम्पन्न गरिसक्नु पर्ने गरी २०८२/०७/२७ गते कार्यादेश दिएको देखिन्छ । १ करोड ५८ लाख १ हजार ४ सय ३० रुपैयाँ ७९ पैसा (भ्याट र पिएस सहित) को कुल लागत अनुमान भए तापनि प्रतिष्पर्धा गर्दा ७५ लाख १९ हजार १ सय ४३ रुपैयाँ २२ पैसा (भ्याट र पिएस सहित) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ६ लाख भुक्तानी भैसकेको देखिन्छ ।चालु परियोजनाको हालसम्म वित्तीय प्रगति ८% र भौतिक प्रगति १५% देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो । तोकिएको Drawing, Design, Bill of Quantity, Specification मा हालसम्मको कार्यमा वालको मोटाई दाची बाहेक १८" बाट १४" गरिएको विषयको जानकारी प्राविधिक कर्मचारीबाट पाइयो । मन्दिरको

# Goma Ganesh Temple Reconstruction Works
## परियोजनाको अनुगमन प्रतिवेदन

भित्री भाग सानो हुने भएकाले वालको मोटाई घटाई दाची बाहेक १४" गरिएको, काठको फ्रेम वालमा थप सबलीकरणको लागि थपेर मन्दिर पुन निर्माण कार्य भएको जानकारी पाइयो ।

**३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा**

अनुगमन गर्नुपूर्व परियोजनाका बारेमा सम्बद्ध विभाग सम्पदा तथा पर्यटन विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धी कागजात समेत अध्ययन गरियो । कागजात अध्ययनपछि अनुगमन तथा मूल्यांकन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको हो ।

**४. अनुगमनबाट देखिएका सबल पक्षहरु**

१. योजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,
२. परियोजना केही समय ढिलो सुरू भए तापनि तोकिएको समय सीमाभित्रै सम्पन्न हुन सक्ने गरी कार्य प्रगति भइरहेको,
३. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरु**

१ गोमा गणेश मन्दिर पुनः निर्माण कार्य गर्दा पुरानो शैली र स्वरुपलाई विशेष ध्यान दिएर कार्य अगाडि बढाउनु पर्ने ।

२ मन्दिरमा प्रयोग गर्ने सामग्री तथा काष्ठकलाको गुणस्तरियता सुनिश्चित हुने गरी कार्य गर्नुपर्ने ।

**६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७. सरोकारवालाको धारणा, राय, सुझाव**

निर्माणाधिन गोमा गणेश मन्दिर परिसरमा दर्शनार्थी भक्तजनको उपयोगको लागि पाटी बनाउन महानगरपालिकाबाट आगामी आर्थिक वर्षमा केही बजेट विनियोजन गरिदिनु भन्ने माग स्थानीय सरोकारवालाबाट भएको पाइयो ।

**८. अनुगमन पछि दिइएका सुझावहरु**

१ हाल चालु अवस्थामा रहेको यस परियोजनाको परिसरमा लगाइएको पर्खालको बाहिर रहेको सडकको फुटपाथमा राखिएका निर्माणका सामग्रीहरु तुरुन्त हटाई फुटपाथ सहज आवागमनको लागि खुला गर्ने र सो विषयको जानकारी सम्बन्धित प्राविधिक कर्मचारीले योजना अनुगमन तथा मूल्यांकन एकाइमा गराउने ।

# Goma Ganesh Temple Reconstruction Works
## परियोजनाको अनुगमन प्रतिवेदन

२ पुनर्निर्माण कार्यमा निर्धारित गुणस्तरियता कायम गर्दै तोकिएको समयमा परियोजना सम्पन्न गर्नु पर्ने ।

### ९. अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### १०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको छ

### ११. अनुगमनको क्रममा लिइएका तस्विरहरू :






# Goma Ganesh Temple Reconstruction Works
# परियोजनाको अनुगमन प्रतिवेदन



# Installation of Ground Water Rechange System and Artificial Turfing in Different Football fields of KMC

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ चैत्र २७ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा "Installation of Ground Water Rechange System and Artifical Turfing in Different Football fields of KMC" अन्तर्गत पेप्सीकोला ग्राउण्ड परियोजनाको अनुगमन गरिएको हो । यो परियोजना वडा नं ३२ मा रहेको छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

"Installation of Ground Water Rechange System and Artifical Turfing in Different Football fields of KMC " कार्यका लागि स्वीकृत लागत १० करोड ०५ लाख ३६ हजार ८ सय ७६ रुपैयाँ ९९ पैसा (भ्याट पिएस र कन्टिजेन्सी सहित) लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो भने सार्वजनिक खरिद प्रक्रियाबाट छनोट भएको निर्माण पक्ष व्यवसायीसँग ७ करोड ९७ लाख ४० हजार २१८ रुपैयाँ ५७ पैसा (भ्याट र पिएस सहित) मा सम्झौता भएको पाइयो । ठेक्का नं. ३८-६९-०८०-०८१-NCBW-KMC को यो ठेक्का बमोजिम कार्य गर्न मिति २०८१/०९/२८ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८१ पौष २८ रहेको र उक्त परियोजना २०८३ जेठ ३१ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । चालू रहेको यस परियोजनाको लागि हालसम्म भुक्तानी रकम १ करोड ४० लाख भएको देखिन्छ । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाको भौतिक प्रगति २०% र वित्तीय प्रगति २०% देखिन्छ ।परियोजना कार्यान्वयन सम्बन्धमा स्थानीय लाभग्राहीसँग /वडा जनप्रतिनिधिको रोहबरमा छलफल भएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनता तथा सरोकारवालाहरुसँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धित कागजात समेत अध्ययन गरियो । सम्बन्धित कागजातको अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको हो ।

## ४. अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,

२. आयोजना कार्यान्वयन सम्बन्धमा स्थानीय लाभग्राहीसँग वडा जनप्रतिनिधिको रोहबरमा छलफल भएको,

# Installation of Ground Water Rechange System and Artificial Turfing in Different Football fields of KMC

३. परियोजना कार्यान्वयन तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य भइरहेको,

४. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

**५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष**

गुणस्तरीय सामानको उपलब्धतामा भएको ढिलाइले आयोजना सम्पन्न हुन केही बढी समय लागेको भए तापनि अन्य पक्षलाई संवोंधन गरी समयमै सम्पन गर्न निर्माण व्यवसायीलाई निरन्तर अनुगमन र ताकेता गर्नको लागि सार्वजनिक निर्माण विभागले पहल गर्नुपर्ने।

**६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय**

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

**७. सरोकारवालाको धारणा, राय, सुझाव**

फुटबल ग्राउण्डले स्थानीयबासीको शारीरिक तथा मानसिक स्वास्थ्यमा समेत सकारात्मक प्रभाव हुने हुँदा यो स्थानको उपयोग एवं संरक्षणमा स्थानीयको सहभागितालाई सुनिश्चित गरिनु पर्ने।

**८. अनुगमन पछि दिइएका सुझाव**

१ फुटबल ग्राउण्डको बहुउपयोग हुने गरी तयारी गर्ने र यसको प्रयोग सोही बमोजिम हुनुपर्ने ।

२ फुटबल ग्राउण्डको जमिनमुनिको पानीको सतहलाई पुनरभरण गर्नको लागि पर्याप्त संख्यामा Recharge Pitको प्रबन्ध गरी परियोजनालाई हरेक दृष्टिले वातावरणमैत्री बनाइनु पर्ने।

**९. अनुगमन टोलीको नाम र हस्ताक्षर**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**१०. अनुगमनको क्रममा उपस्थितको नाम सूची**

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

**११. अनुगमनको क्रममा लिइएका तस्विरहरु:**

**Installation of Ground Water Rechange System and Artificial Turfing in Different Football fields of KMC**



## Installation of Ground Water Rechange System and Artificial Turfing in Different Football fields of KMC



# Construction of Skateboard Park
# परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल फागुन २९ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा "Construction of Skateboard Park" परियोजनाको अनुगमन गरिएको हो । यो परियोजना काठमाडौं महानगरपालिका वडा नं ५ मा रहेको छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु र परियोजनासँग सम्बन्धित सरोकारवालाहरु समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

काठमाडौं महानगरपालिकाद्वारा Skatepark निर्माण गर्ने योजनाबमोजिम ठेक्का गर्दा सुरुमा वडा नं १६ भित्र गर्ने गरी ठेक्का भएकोमा त्यहाँ निर्माण गर्ने भनिएको ठाँउको जमिन विवादका कारण वडा नं ३१ मा स्थानान्तरण भएको, उक्त जमिन विपद् प्राधिकरण नेपाल सरकारको जमिन भएको र त्यसमा पार्क निर्माण गर्न नमिल्ने जानकारी प्राप्त भएपश्चात त्यसपछि वडा नं ५ र ७ मा सो पार्क निर्माण गर्न उपयुक्त जमिन खोजी गरी परियोजना कार्यान्वयन गर्ने गरी नगर कार्यपालिकाबाट निर्णय भएको जानकारी परियोजना कार्यान्वयन सम्बद्ध प्राविधिक कर्मचारीबाट पाइयो । वडा नं ५ मा निर्माण गरिने गरी तय भएको स्थानको जमिन पनि निर्माण कार्यको समयमा स्थानीयबासीबाट केही विवाद भई हाल सो समस्या समाधान भई हाल निर्माण कार्य निरन्तर सुचारु भएको जानकारी पाइयो । काठमाडौं महानगरपालिकाबाट निर्माण गर्न लागिएको Skatepark नेपालमा सरकारीस्तरमा पहिलो पटक बनाइएको हुँदा यसलाई विशेष महत्वका साथ हेरिएको छ।

Skatepark निर्माण कार्यका लागि स्वीकृत लागत ७ करोड ९८ लाख ४३ हजार ८ सय २५ रुपैयाँ (भ्याट पिएस र कन्टिजेन्सी सहित) लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो भने सार्वजनिक खरिद प्रक्रियाबाट छनोट भएको निर्माण व्यवसायीसँग ६ करोड ७० लाख ९७ हजार ४ सय ६१ रुपैयाँ ९५ पैसा (भ्याट र पिएस सहित) मा सम्झौता भएको पाइयो । ठेक्का नं. ३५-१४०-NCBW-०७९-०८०-PWD-KMC को यो ठेक्का मिति २०८१ जेष्ठ ३२ गते कार्यादेश दिएको पाइयो र उक्त परियोजना २०८२ असार मसान्तसम्म सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाको भौतिक प्रगति ३५% (लगभग) र वित्तीय प्रगति १०% देखिन्छ । परियोजनाको कार्यान्वयनका लागि तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य हुनुपर्नेमा डिजाइन केही परिमार्जन गरी कार्य भइरहेको जानकारी सम्बन्धित प्राविधिकबाट पाइयो । परियोजना कार्यान्वयन सम्बन्धमा केही समय स्थानीय लाभग्राहीसँग विवाद भएतापनि अनुगमनको समयमा वडा कार्यालय तथा स्थानीय जनता तथा सरोकारवालाहरुसँगको समन्वयमा काम जारी रहेको जानकारी प्राविधिक कर्मचारीबाट पाइयो ।

# Construction of Skateboard Park
# परियोजनाको अनुगमन प्रतिवेदन

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व योजनाका बारेमा सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्राप्त गरी परियोजना सम्बन्धित कागजात समेत अध्ययन गरियो। सम्बन्धित कागजातको अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको हो ।

## ४. अनुगमनबाट देखिएका सबल पक्षहरु

१. योजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,
२. स्थानान्तरण हुँदै योजना कार्यान्वयन कार्य भएकोले निर्धारित कार्यतालिकामा केही परिवर्तन भएतापनि हाल काम निरन्तर भैरहेको,
३. परियोजनाको कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

## ५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष

परियोजना सम्बद्ध साइट इन्जिनियरले निर्माण कार्यको नियमित निरीक्षण गरी निर्धारित समयमा गुणस्तरियता कायम राख्दै निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीसँग समन्वय गर्नुपर्ने ।

## ६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

## ७. सरोकारवालाको धारणा, राय, सुझाव

यस परियोजना सम्पन्न भए पश्चात परियोजना हस्तान्तरण, सञ्चालन साथै संरक्षण र मर्मत सम्भारका विषयमा महानगरपालिकाले स्पषट मापदण्ड बनाइ परियोजना सञ्चालनका कार्य अगाडि बढाउनु पर्ने ।

## ८. अनुगमन पछि दिइएका सुझाव

१ परियोजना परिसरभित्र निर्माण भएका र हुने संरचना सुरक्षित एवम् बालमैत्री हुनुपर्ने ।

२ तोकिएको गुणस्तर र निर्धारित समयभित्र परियोजना सम्पन्न गर्ने गरी कार्य गर्न सम्बन्धित इन्जिनियरले परियोजनाको सुपरीवेक्षण गर्ने ।

## ९. अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

## १०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

# Construction of Skateboard Park
# परियोजनाको अनुगमन प्रतिवेदन

११. तस्विरहरु



## Construction of Skateboard Park
## परियोजनाको अनुगमन प्रतिवेदन



# Construction of Single Cell Box Culvert at Bagbazar
# परियोजनाको अनुगमन प्रतिवेदन

## १. पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८३ वैशाख ११ गतेका दिन काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यूको नेतृत्वमा **Construction of single cell box culvert** परियोजनाको अनुगमन गरिएको हो । यो परियोजना काठमाडौं महानगरपालिका वडा नं २८ मा रहेको छ । अनुगमन कार्यमा अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु, परियोजना रहेको वडाका जनप्रतिनिधिहरु, सम्बन्धित कर्मचारीहरु, महानगर प्रहरी बलका प्रतिनिधिहरु, परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) र सरोकारवाला समेतको उपस्थिति रहेको थियो ।

## २. आयोजनाको परिचय

काठमाडौं महानगरपालिका सार्वजनिक निर्माण विभागले कार्यान्वयन गर्ने गरी तर्जुमा भएको Construction of single cell box culvert निर्माण परियोजनाको लागि स्वीकृत लागत ९० लाख ४० हजार ५ सय ५० रुपैयाँ ८० पैसा (भ्याट पिएस र कन्टिजेन्सी सहित) मा परियोजना कार्यान्वयन गर्ने गरी निर्णय भएको पाइयो भने सार्वजनिक खरिद प्रक्रियाबाट छनोट भएको निर्माण व्यवसायीसँग ५७ लाख ७२ हजार ६९४ रुपैयाँ ४७ पैसा (भ्याट र पिएस बाहेक) मा सम्झौता भएको पाइयो । ठेक्का नं. ०६-१०-०८०-०८१-NCBW-PWD-KMC को यो ठेक्का मिति २०८२ श्रावण २२ गते कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८२ फागुन १९ रहेको र उक्त परियोजना २०८२ चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ ।अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाको भौतिक प्रगति १२% र वित्तीय प्रगति १०% देखिन्छ । परियोजना कार्यान्वयन सम्बन्धमा स्थानीय लाभग्राहीसँग /वडा जनप्रतिनिधिको रोहबरमा छलफल भएको हुँदा कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनता तथा सरोकारवालाहरुसँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३. अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

अनुगमन गर्नु पूर्व परियोजनाका बारेमा परियोजना कार्यान्वयनसँग सम्बन्धित विभाग सार्वजनिक निर्माण विभागबाट आवश्यक जानकारी प्रास गरी परियोजना सम्बन्धित कागजात अध्ययन गरियो । सम्बन्धित कागजातको अध्ययनपछि अनुगमन समितिका तर्फबाट स्थलगत अवलोकन गरिएको हो । अनुगमन कार्यमा आवश्यकतानुसार अवलोकन विधि, अन्तरसंवाद विधि तथा प्रश्नोत्तर विधिको प्रयोग गरिएको थियो ।

## ४. अनुगमनबाट देखिएका सबल पक्षहरु

१. परियोजना कुनै बाधा अड्चन विना सञ्चालनमा रहेको,

२. तोकिएको Drawing, Design, Bill of Quantity, Specification बमोजिम कार्य भइरहेको,

३. कुनै खालको प्राविधिक/वातावरणीय/सामाजिक जोखिम रहेको नपाइएको ।

# Construction of Single Cell Box Culvert at Bagbazar
## परियोजनाको अनुगमन प्रतिवेदन

### ५. अनुगमनका क्रममा देखिएका सुधार गर्नुपर्ने पक्ष

परियोजना कार्यान्वयन कार्यलाई निर्धारित समयमा सम्पन्न गर्नका लागि सम्बन्धित विभाग र तोकिएका साइट इन्जिनियरले सम्बन्धित निर्माण व्यवसायीलाई आवश्यक जनशक्ति थप गर्न लगाइ निर्माण कार्यलाई तिव्रता दिनुपर्ने ।

### ६. विषय विज्ञ वा प्राविधिक विज्ञको थप विशिष्ट राय

उक्त परियोजना कार्यान्वयनको लागि त्यस प्रकारको थप विशिष्ट राय (Additional Expert Opinion) आवश्यक देखिएन ।

### ७. सरोकारवालाको धारणा, राय, सुझाव

Construction of single cell box culvert निर्माण कार्यको प्रारम्भिक चरणमा रातीको समयमा समेत निर्माण कार्य सञ्चालन गर्ने गरिएकोले तहाँ प्रयोग भएका मेसिनरी उपकरणको आवाजका कारण नजिकै बसोबास गरेका स्थानीयबासीलाई असुविधा भएको गुनासो निर्माण पक्षसँग प्राप्त भएकोले हालसम्म कार्यले गति लिन नसकेको भन्ने कुरा स्वयम् सरोकारवालाबाट जानकारीमा आएको र अब निर्माण कार्यलाई निर्धारित समयमा सम्पन्न गर्नको लागि तिव्रताका साथ कार्य गरिनु पर्ने विषय अनुगमनको क्रममा सरोकारवालाबाट सुझाव प्राप्त भएको ।

### ८. अनुगमन पछि दिइएका सुझाव

परियोजनाको निर्माण कार्यमा तोकिएको मापदण्ड र गुणस्तर कायम रहने गरी निर्धारित समयमै सम्पन्न गर्न सम्बन्धित विभाग र साइट इन्जिनियरको निगरानी तथा सुपरिवेक्षणमा सम्बन्धित निर्माण व्यवसायीले परियोजना निर्माण कार्यलाई तिव्रताका साथ कार्य गर्नुपर्ने ।

### ९. अनुगमन टोलीको नाम र हस्ताक्षर

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

### १०. अनुगमनको क्रममा उपस्थितको नाम सूची

अनुगमन फारम ढाँचा – १ को प्रथम पानामा अनुगमनकर्ताको नामथर, पद र हस्ताक्षर रहेको ।

# Construction of Single Cell Box Culvert at Bagbazar
## परियोजनाको अनुगमन प्रतिवेदन

११. अनुगमनको क्रममा लिइएका तस्विरहरुः



# Construction of Single Cell Box Culvert at Bagbazar
## परियोजनाको अनुगमन प्रतिवेदन



# महांकाल मन्दिर पुनः निर्माण परियोजनाको
# अनुगमन प्रतिवेदन

## १ पृष्ठभूमि

अनुगमन तथा मूल्याङ्कन समितिको निर्णयानुसार मिति २०८२ साल पुस ९ गतेका दिन काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलज्यूको नेतृत्वमा **महांकाल मन्दिर पुनः निर्माण** परियोजनाको अनुगमन गरिएको हो । अनुगमन कार्यमा प्रमुख प्रशासकीय अधिकृत श्री सरोज गुरागाईंज्यू लगायत समितिका सदस्यहरु, सम्बन्धित विभागका कर्मचारीहरु र परियोजनासँग सम्बन्धित प्राविधिक कर्मचारी (इञ्जिनियर) को संलग्नता रहेको थियो ।

## २ आयोजनाको परिचय

हिन्दू र वौद्ध धर्मावलम्बीहरुले आस्थापूर्वक पूजा आराधना गर्ने यस **महांकाल मन्दिर परिसर पुनः निर्माण कार्य** नामक यो परियोजना अन्तर्गत कालोपत्रे गरेर अग्लिँदै गएको सडक र सत्तल क्षेत्रको जमिन सतह मिलाउने, परिसरमा पानी पुनःभरण प्रणाली राख्ने, काठका चुकुल बलियो बनाउने, थामसँग पर्खाल र अन्य भाग एक ढिक्का बनाउने जस्ता कार्य भईरहेको पाइयो। उक्त कार्यका लागि स्वीकृत लागत रू. १० करोड ३६ लाख ४६ हजार ४ सय ५४ रुपैया लागतमा योजना कार्यान्वयन गर्ने गरी निर्णय गरिएको पाइयो । मन्दिरको पूर्व, उत्तर र दक्षिण भागमा सत्तल र पश्चिमतर्फ पर्खाल अनि कलात्मक प्रवेश द्वार रहेको यस महाकांल मन्दिरमा परम्परागत निर्माण सामग्री र शैली प्रयोग गरी पुनः निर्माणको कार्य अगाडी बढाइएको पाइयो ।

ठेक्का नं. २०-४४-०८०-८१-NCBW-KMC को यो ठेक्का मिति २०८१ असार १९ गते विनायक एस. पी. बोहोरा जे. भी.लाई कायदिश दिएको पाइयो । हाल चालु अवस्थामा रहेको उक्त परियोजनाको कार्य शुरु मिति २०८१ असार २३ गते रहेको र उक्त परियोजना २०८३ असार १९ गते सम्पन्न गरिसक्नु पर्ने गरी संझौता भएको देखिन्छ । १० करोड ३६ लाख ४६ हजार ४ सय ५४ रुपैया स्वीकृत लागत (भ्याट सहित) को स्वीकृत लागत भए तापनि प्रतिष्पर्धा गर्दा ८ करोड ९४ लाख ५३ हजार ६ सय ४५ रुपैंया ३० पैसा (भ्याट र कन्टिन्जेन्सी बाहेक) मा परियोजना सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग संझौता गरिएको देखियो । अनुगमन गरिएको मितिसम्ममा उक्त परियोजनाका लागि ५ करोड ७४ लाख ६३ हजार ३ सय १२ रुपैंया ३० पैसा (भ्याट र पिएस समेत) भुक्तानी भैसकेको देखिन्छ । वित्तिय प्रगति हेर्ने हो भने हालसम्म ५७.१७% र भौतिक प्रगति ७५% देखिन्छ । सम्बन्धित वडा कार्यालयको माग बमोजिम योजना तर्जुमा गरिएको जानकारी सहित कार्यान्वयनको चरणमा पनि वडा कार्यालय तथा स्थानीय जनतासँगको समन्वयमा काम जारी रहेको पाइयो ।

## ३ अनुगमनमा प्रयोग भएका विधि र अनुगमनको सीमा

# महांकाल मन्दिर पुनः निर्माण परियोजनाको
# अनुगमन प्रतिवेदन

